# कटारी नगरपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-५)

२०८०

स्था.२०७६

## संरक्षक

राजेशचन्द्र श्रेष्ठ, नगर प्रमुख

गीता खड्का, नगर उप प्रमुख

## विशेष परामर्श

अनिल किराती, प्रमुख प्रशासकीय अधिकृत

## पाठ्यक्रम निर्माण समिति

सुबिन ढुङ्गाना, संयोजक
बालकृष्ण कार्की, सदस्य
डोमिला कुमारी धमला, सदस्य
रोसन कार्की, सदस्य
टामन सिग्देल, सदस्य
मोहन प्रसाद भाट, सदस्य
सूर्य बहादुर कार्की, सदस्य

पाठ्यक्रम निर्माण समिति र सभ्यता अनुसन्धान केन्द्र,
सूर्यविनायक, भक्तपुरको सहकार्यमा निर्मित
स्थानीय पाठ्यक्रम

सभ्यता अनुसन्धान ... प्रा. लि. स्था.२०७६ काठमाडौं, नेपाल

# विषयसूची


| | पृष्ठ |
|---|---|
| १. परिचय | ३ |
| २. तहगत सक्षमता | ६ |
| ३. विषयक्षेत्र र विषयवस्तु विस्तृतीकरण | ८ |
| ४. एकीकृत पाठ्यक्रमका मूलभूत मान्यता र कटारीको स्थानीय पाठ्यक्रम | ३६ |
| ५. कार्यघण्टा वितरण तालिका | ३९ |
| ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ४१ |
| ७. विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख (कक्षा १-३) | ५५ |

## १. परिचय

स्थानीयता सङ्कटोन्मुख विषय हो । भूमण्डलीकरणका कारण स्थानीय स्रोत साधन, संस्कृति, पर्यावरण, ज्ञान, सिप र परम्परा लोपोन्मुख अवस्थामा पुगेका छन् । परिवर्तित परिस्थितिमा भविष्यका कर्णधार विद्यार्थी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक जनशक्तिका रूपमा विकसित हुनुपर्नेछ । साथसाथै भूमण्डलीकरणको प्रवाहले गुम्न लागेको आफ्नोपन जगेर्ना गर्दै यिनीहरूको अन्तर्राष्ट्रियकरण गर्नुपर्ने अभिभारा छ । राज्य संयन्त्रले तय गरेको स्थानीय पाठ्यक्रमको मूल आशय यहीँनिर अन्तरनिहित छ । लोकतान्त्रिक गणतन्त्र नेपालका भविष्य विद्यार्थीमा **वैश्विक शैलीको सोचाइ, स्थानीय शैलीको गराइ** भन्ने मान्यता स्थापित गर्नु शैक्षिक लक्ष हुनुपर्छ । यसै यथार्थलाई स्थानीय पाठ्यक्रमको योजनाले अङ्गिकार गरेको छ । **कटारी**को मौलिकता उजागर गरी आधारभूत तह (कक्षा १ देखि ८) का विद्यार्थीलाई आफ्नो स्थान, भूमि, संस्कृति, इतिहास, परम्परा, रहनसहनप्रति गौरवबोध गर्न सिकाउँदै यहाँका अवसरको खोजी गर्ने तथा यहाँको संवेदनशील पर्यावरणको संरक्षण गर्दै सिपालु नागरिक बन्ने दिशामा सहयोग पुऱ्याउनु स्थानीय पाठ्यक्रमको मुख्य ध्येय हो ।

नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत **पाठ्यक्रम विकास केन्द्र**, सानोठिमी, भक्तपुरले तयार गरेको **राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** र **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६** ले स्थानीय आवश्यकतालाई सम्बोधन गर्दै कक्षा १ देखि ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तह (नगरपालिका) लाई पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार दिएको छ । यसै अनुरूप यस कटारी नगरका शिक्षक, विद्यार्थी, बुद्धिजीवी, कर्मचारी, राजनीतिक दलका नेता तथा प्रतिनिधि, नागरिक समाज सदस्य, गैरसरकारी संस्थाका प्रतिनिधि, सामुदायिक संघसंस्थाका प्रतिनिधि, स्थानीय विज्ञ, अगुवा नागरिक, पेशागत निकायका प्रतिनिधि, स्थानीय निकायका पूर्व प्रतिनिधि, अधिकारकर्मी लगायत सबै सरोकारवालाको सक्रिय सहभागिता र उनीहरूसँगको छलफलका आधारमा उनीहरूकै विज्ञताको उपयोग गर्दै यो पाठ्यक्रम निर्माण गरिएको हो । समृद्ध नेपालको राष्ट्रिय सपनालाई साकार पार्न दुरदराजका गाउँबस्ती, स्थानीय सभ्यता र स्रोतसाधनको विकास, उजागर र सदुपयोग हुन आवश्यक छ । हाम्रा युवायुवतीहरूले आफ्नै भूमिभित्र नागरिक सुहाउँदो विकासका सम्भावना पहिल्याउनु पर्दछ । त्यसकारण **कटारी**भित्रका बालबालिकाहरूले आफ्नो भूमिमाथि प्रेम र आस्था विकास गर्दै अपनत्वको भावनासहित भविष्यमा रोजगारी र आयआर्जनका सम्भावनाहरू खोज्न सक्ने अपेक्षा स्थानीय पाठ्यक्रम २०८० ले लिएको छ ।

विद्यालय तहका लागि **राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** ले निर्दिष्ट गरेका सिद्धान्त र आधारअनुसार **कटारी**को स्थानीय पाठ्यक्रमलाई एकीकृत संरचनामा ढाल्ने प्रयत्न गरिएको छ । पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले शैक्षिक सत्र २०७७ देखि नेपालका सम्बन्धित सबै विद्यालयहरूमा एकीकृत ढाँचाको पाठ्यक्रम लागू गर्न सुरु गरेको छ । एकीकृत पाठ्यक्रम (Integrated Curriculum) लाई **राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद**ले बि.सं. २०७६ माघ २ गते स्वीकृत गरेको हो । एकीकृत पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका निम्ति विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गरेको छ । विभिन्न विषयको सिकाइलाई अन्तरसम्बन्धित बनाउदै लक्ष हासिल गर्न एकीकृत पाठ्यक्रम सहजीकरण गर्नेछ । सिकाइलाई सान्दर्भिक र रुचीकर बनाउन एकीकृत ढाँचाको पाठ्यक्रमले विभिन्न व्यवहारकुशल सिपहरू (Soft Skills) लाई सिकाइ प्रक्रियामा एकीकृत गरेको छ ।

माथि उल्लिखित उद्देश्यहरू हासिल गर्नका लागि **कटारी**को स्थानीय पाठ्यक्रमले कक्षा १ देखि ३ सम्म र कक्षा ४ र ५ मा देहाय बमोजिमका भिन्न भिन्न विषयक्षेत्रहरू निर्धारण गरेको छ :

**कक्षा १ देखि ३ सम्म**

- हाम्रो परिवेश
- सामाजिक रितिथिति र परम्परा
- रमाइला ठाउँ र घुमफिर
- कृषि, उद्योग र आयआर्जन
- स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास

- सिप, स्थानीय खेलकुद र मनोरञ्जन

**कक्षा ४ र ५**

- परिवेश,  वातावरण र जैविक विविधता
- हाम्रा रीतिरिवाज र प्रथा परम्परा
- पर्यटन तथा आर्थिक क्रियाकलाप
- सामाजिक चेतना तथा सेवा प्रवाह
- स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास
- सिप, खेलकुद तथा मनोरञ्जन

कटारी नगरपालिकामा अध्ययन गर्ने बालबालिकाको निर्दोष मस्तिष्कले यहाँको भूगोल, सडक संरचना, खानेपानी, सिँचाइ, शिक्षा, सञ्चार, स्थानीय श्रोतसाधनजस्ता विषयवस्तुको जानकारी राख्दै तिनीहरूभित्र निहित सम्भावना खोज्न सक्नुपर्दछ । सामाजिक रीतिथिति, प्रचलन, प्रथा, परम्परा, सांस्कृतिक सम्पदा, मूल्य-मान्यताको संरक्षण, प्रवर्द्धन र समयानुकुल परिवर्तन गर्नु आजको माग हो । पहाड, चुरे र भित्री तराई समेटेको कटारीले आफैँमा भौगोलिक तथा सांस्कृतिक रूपमा पर्यटनको प्रचुर सम्भावना बोकेको छ । हाम्रा नानीहरूको खाली मस्तिष्कमा पर्यटन-चेतना भर्नुपर्ने र पर्यटनलाई रोजगारीसँग जोड्नुपर्ने आवश्यकता छ । चुरेको संवेदनशील भू–बनोटलाई दृष्टिगत गरी यसको संरक्षण गर्नुपर्ने दायित्व छ । स्थानीय स्तरमा रहेका स्रोत साधनको अधिकतम उपयोग गर्दै कृषि, उद्योग, व्यापार तथा वाणिज्यमा गतिविधि बढाएर स्थानीयबासीको आयआर्जन वृद्धि गरी गुणस्तरीय जीवनयापनको वातावरण तयार गर्नेतर्फ लाग्नु आवश्यक छ । भूगोल मानव जातिको मात्र हैन । पृथ्वी जीवजन्तु र वनस्पतिको साझा घर भएकोले यहाँ आश्रितका लागि पर्यावरण र जैविक विविधताको संरक्षण तथा जगेर्ना गर्नुपर्ने अपरिहार्य दायित्व विद्यालय स्तरबाटै विकास गर्नुपर्छ । संरक्षण, विकास र जगेर्ना गर्नुपर्ने कुरा मनन मात्र गरेर दायित्व पूरा हुनेछैन । यसलाई व्यवहारमा उतार्नु जरुरी छ । वातावरणीय प्रदूषण र मानवीय व्यवहारका कारण हाम्रा गाउँघर र परिवेश बस्न योग्य हुन छाडिसक्यो । प्रविधिको चरम विकासले मानव समुदाय यान्त्रिक जीवन जिउन विवश छ । मानव स्वास्थ्यमा पररिहेको गम्भीर असर न्यूनीकरणका लागि परिवेश स्वच्छ र सफा हुनु जरुरी छ ।

कतिपय आयातित संस्कृतिका कारण सामाजिक मूल्य-मान्यता र नैतिकता धरासायी हुँदै गएका छन् । हाम्रा परम्परागत मानवीय मूल्यहरूको जगेर्ना हामीले नगरेका कारण चुनौती थपिएको छ । बालबालिकाभित्र रहेका सङ्कोच, धक, पछौटेपनजस्ता बाधक तत्वलाई हटाएर उनीहरूभित्र आत्म-सम्मान, साहस र नेतृत्व क्षमताजस्ता गुणको विकास गर्नु आवश्यक छ । यसका अलावा खुसी रहनका लागि मानव जीवनमा खेलकुद, मनोरञ्जन र ध्यान-योगको उच्च महत्व हुन्छ । बाढी, पहिरो, अनिकाल, आगलागी, नदी कटान, चट्याङ, भूकम्प, हावाहुरी, खडेरी, अतिवृष्टि, अनावृष्टिजस्ता प्राकृतिक प्रकोपहरूका कारण हुने जनधनको अपुरणीय क्षति न्यूनीकरण र पूर्व सावधानीका उपाय विद्यार्थीका मस्तिष्कमा रोप्नु आवश्यक छ । प्राकृतिक विपद् आउनु अघि नै प्रतिकार्य योजना बनाएर लागु गर्नुपर्ने हुन्छ । आइसकेका यस्ता विपद्को व्यवस्थापन गर्नु व्यक्ति, समाज र सरकारको समेत मानवीय दायित्व हो भन्ने कुरा हाम्रा भविष्यका कर्णधारहरूले बुझेर सोही अनुसार व्यवहार गरेमा समाज अझै बढी मानवीय बन्न सक्दछ । मानिस सामाजिक प्राणी भएकाले समाजमा रहेका सामाजिक, सांस्कृतिक, राजनीतिक र प्रशासनिक संरचनाहरूको ज्ञान राख्नुपर्दछ । यो नागरिकको दायित्व हो । बालबालिकामा यस प्रकारका कार्य गर्न सक्ने ज्ञान, सिप तथा क्षमताको विकास गर्ने उद्देश्यका साथ पाठ्यक्रममार्फत् तिनलाई लागु गर्ने प्रयत्न गरिएको छ ।

पाठ्यक्रम आफैँमा सबै  थोक नभए पनि एक मार्गदर्शन हो । यसको व्यावहारिक कार्यान्वयनमा शिक्षकको गहन जिम्मेवारी हुन्छ । शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा सहजता प्रदान गर्न विषयवस्तुको विस्तृतीकरण पनि आवश्यक हुन्छ । यस पाठ्यक्रमको कार्यान्वयनमा शिक्षकलाई आफ्ना शिक्षण सिकाइ क्रियाकलापहरू तय गर्न थप सहयोग पुग्न जाने हेतुले मूल्याङ्कन प्रक्रियाका नमुनाहरूसमेत विकास गरिएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई सहज, प्रभावकारी र उद्देश्यमुखी बनाउन शिक्षक स्वयम्ले

विकसित प्रविधिहरूलाई कक्षाकोठासम्म पुऱ्याउन सक्नुपर्छ । पाठ्यक्रम र पाठ्यपुस्तक एक समयमा बनाइने तर प्रविधि हरेक दिन विकास भइरहने भएकाले शिक्षकले सृजनशील दिमाग प्रयोग गरेर कक्षाकोठा र सिकाइलाई क्रियाशील बनाउनु जरुरी छ । पाठ्यक्रम र पाठ्यपुस्तकलाई चलायमान बनाउने प्रमुख दायित्व शिक्षकको हो ।

## २. तहगत सक्षमता

कटारी नगरपालिका स्थानीय पाठ्यक्रमको सन्दर्भमा आधारभूत तह (कक्षा १-५) का अन्त्यमा विद्यार्थीहरूले निम्न लिखित सक्षमता हासिल गर्ने छन्:

**कक्षा १ देखि ३ सम्म**

१. कटारी नगरपालिकामा पहाड, चुरे तथा भित्री तराईमा अवस्थित वडाहरूको सामान्य परिचय
२. कटारीभित्रका प्रमुख भौगोलिक तथा प्राकृतिक स्थानहरूको सामान्य चिनारी
३. कटारीमा पाइने प्राकृतिक स्रोत साधनहरूको सामान्य परिचय
४. विभिन्न समुदायका सांस्कृतिक चालचलनहरूको बोध
५. लोकतान्त्रिक मूल्य मान्यता अनुसारका आचरणको सचेतना
६. सामाजिक शिष्टाचार तथा नियमहरू अवलम्बन
७. कटारीभित्र आयआर्जनका प्रमुख क्षेत्रहरूको पहिचान
८. मितव्ययी हुने तथा बचत गर्ने बानीको विकास
९. कटारी क्षेत्रभित्रका वनस्पती र जीवजन्तुको महत्वबोध
१०. मानव जीवनको सबैभन्दा ठुलो धन स्वास्थ्य हो भन्ने बोध
११. आफ्नो घर वरिपरिको वातावरण र समुदायको सरसफाइ सम्बन्धी सचेतना
१२. स्वास्थ्यसम्बन्धी विभिन्न रोगबाट बच्ने उपाय अवलम्बन
१३. कटारीभित्रका महत्वपूर्ण स्थानहरूको पर्यटकीय पहिचान
१४. व्यक्तित्व विकासका विभिन्न तरिकाहरूको अभ्यास
१५. नैतिकता, सदाचार, स्वाभिमान, असल चरित्र र नेतृत्व क्षमता प्रदर्शन
१६. लोपोन्मुख अवस्थामा रहेका स्थानीय खेलहरूको जानकारी र अभ्यास
१७. खेलकुदले मानव स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावको ज्ञान
१८. मनोरञ्जनका स्थानीय शैलीहरूको सचेतना

**कक्षा ४ र ५**

१. कटारी नगरपालिका क्षेत्रको सामान्य परिचय
२. कटारीको सामान्य भौगोलिक अवस्थितिको जानकारी
३. स्थानीय प्राकृतिक स्रोत साधनको महत्व बोध
४. विभिन्न प्रकारका वनस्पति र जीवजन्तुको संरक्षणमा सहभागिता
५. स्थानीय प्राकृतिक स्रोतसाधनबाट आर्थिक समृद्धि हासिल गर्ने सिपको विकास
६. सामाजिक कुरीति र अन्धविश्वासहरूप्रति सचेतना र होसियारी
७. वैज्ञानिक किसिमबाट सोच्ने बानीको विकास

८. समाजमा रहेका परम्परागत मूल्य मान्यताको संरक्षण र समायानुकूल परिमार्जनको आवश्यकता बोध

९. कटारीभित्र बसोबास गर्ने विभिन्न समुदायका चाडपर्व, मेला र संस्कृतिलाई साझा सम्पत्तिको रूपमा अङ्गिकार

१०. कटारी क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जातीय समुदायका मातृभाषाहरूको सामान्य चिनारी

११. कटारीका प्रमुख समुदाय र उनीहरूका संस्कृतिबारे जानकारी

१२. पर्यावरण प्रणालीका विभिन्न अवयवहरूको आपसी सम्बन्ध र तिनीहरूको महत्व बोध

१३. कटारीभित्र पर्यटकीय सम्भावनाहरूको पहिचान

१४. समाजमा विद्यमान विभिन्न प्रकारका भेदभावहरू अन्त्य गर्ने प्रेरणा

१५. कटारीभित्रका कृषि र औद्योगिक विकासका सम्भावना पहिचान

१६. आफ्नै भूमिमा श्रम र सिप लगानी गरेर आयआर्जन गर्न सकिने सम्भावनाको ज्ञान

१७. जनस्वास्थ्यसँग सम्बन्धित विभिन्न समस्याहरूको बोध र सावधानी

१८. व्यक्तिगत सरसफाइ र पौष्टिक खानाको महत्व बोध

१९. स्थानीय खेलहरूको अभ्यास र तिनीहरूको संरक्षण

२०. दैनिक जीवनमा योग र आयुर्वेदिक चिकित्सा प्रणालीको प्रयोग

२१. स्वस्थ शरीर र स्वस्थ विचारका लागि अर्ग्यानिक उत्पादन उपभोगको महत्व

२२. आधुनिक प्रविधिको विस्तार र परम्परागत प्रविधिको संरक्षण एवं आधुनिकीकरण गर्नु पर्ने आवश्यकता बोध

२३. शारीरिक श्रम र सिपको सम्मान तथा विकास

२४. सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने बानीको विकास

## ३. विषय क्षेत्र र विषयवस्तु विस्तृतीकरण

### कक्षा १

| विषय क्षेत्र | कक्षा | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो परिवेश** | १ | फोटोका आधारमा कटारी बजारका प्रमुख चोक पहिचान गर्न तथा नगरपालिका र नगरपालिका केन्द्रको नाम शुद्धसँग लेख्न र भन्न । १ | कटारी बजारको सामान्य परिचय । | प्रश्नोत्तर विधि प्रयोग गरी कटारीका प्रमुख चोकका नाम सुनाउन लगाउने । | मौखिक प्रश्नोत्तर र शब्द उच्चारण अभ्यास । | ३३ |
| | | कटारी नगरपालिकाभित्रका प्रमुख राजमार्गका नाम र तिनको महत्व बताउन । २ | कटारीमा जोडिएका दुई प्रमुख राजमार्ग : मदन भण्डारी राजमार्ग र सगरमाथा (कटारी-ओखलढुङ्गा-सोलु) राजमार्ग । | प्रश्नोत्तर विधि प्रयोग गरी छलफल गर्ने । | मौखिक प्रश्नोत्तर र शब्द पठन अभ्यास । | |
| | | आफ्नो वरिपरि पाइने चराचुरुङ्गीका नाम तथा तिनीहरूप्रति मैत्रीभाव राख्न । ३ | कटारीमा पाइने चराचुरुङ्गी । | विद्यार्थीहरूलाई पालैपालो आफ्नो वरिपरि देखिने चराचुरुङ्गी नाम भन्न लगाएर छलफल गर्ने । | वरिपरि पाइने चराका नाम मौखिक रूपमा सोधेर मूल्याङ्कन गर्ने । | |
| | | कटारी क्षेत्रका प्रमुख चार खोलाका नाम र तिनको महत्व बताउन । ४ | कटारी नगरपालिकाभित्र र कटारीलाई छोएर बग्ने खोला नदीहरू (कमला, मरुवा, तावा, सोरुङ, बैधनाथ, पञ्चकोशी) । | प्रश्नोत्तर विधि प्रयोग गरी प्रमुख नदी तथा खोलाका नाम भन्न लगाउने । | मौखिक प्रश्नोत्तर र शब्द पठन अभ्यास । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कटारीका केही पोखरीका नाम र ती पोखरीहरूको महत्व बताउन । ५ | पोखरी | व्याख्या र छलफल विधि । | बहुवैकल्पिक प्रश्न र पठन अभ्यास । | |
| | | कटारी नगरपालिकामा पर्ने तराईको नाम र यसको भौगोलिक प्रकृति बताउन । ६ | भित्री तराईको परिचय । | प्रश्नोत्तर विधिमार्फत छलफल । | कक्षाकार्यका रूपमा मौखिक प्रश्न । | |
| | | चुरे पहाड र मध्य पहाड पहिचान गर्न तथा यी दुई पहाडका प्रकृति बताउन । ७ | कटारी नगरपालिकामा चुरे पहाड र मध्य पहाड । | प्रश्नोत्तर विधिमार्फत छलफल । | लिखित कक्षाकार्य र शब्द पठन अभ्यास । | |
| **२. सामाजिक रितिथिति र परम्परा** | १ | कटारीमा बसोबास गर्ने केही प्रमुख समुदायहरूका नाम र तिनीहरूबिचको आपसी सम्बन्ध बताउन । ८ | कटारीमा जातजाति र समुदाय (हायु, दनुवार, सुनुवार, थारु, किरात राई, तामाङ, मगर आदि) । | छलफल र फोटो प्रदर्शन विधि । | बहुविकल्प प्रश्न । | २८ |
| | | कटारी क्षेत्रमा पाइने स्थानीय प्रविधिका नाम र तिनीहरूको वर्तमान अवस्था बताउन । ९ | कटारीका पहाड र तराई दुवै स्थानका स्थानीय प्रविधि (ढिकी, जाँतो, ढक, तराजु, गोरुगाडा, स्थानीय बाजागाजा) । | पहाड र तराईमा पाइने फरक फरक स्थानीय प्रविधिबारे अनुभव आदानप्रदान विधि । | वस्तुगत प्रश्न र शब्द उच्चारण अभ्यास । | |
| | | गुम्बा र मस्जिद पहिचान गर्न तथा ती धार्मिक स्थलसँग सम्बन्धित समुदायका नाम उल्लेख गर्न । १० | बौद्ध गुम्बा र मुस्लिमका मस्जिद । | अवलोकन भ्रमण विधि । | वस्तुगत मौखिक प्रश्न र शब्द लेखन अभ्यास । | |
| | | केही प्रमुख स्थानीय तरकारीका नाम र तिनीहरूको परम्परागत | स्थानीय तरकारी (परबर, भान्टा, बन्दागोभी, | छलफल र प्रश्नोत्तर विधि । | सामूहिक प्रश्नोत्तर । | |

सभ्यता अनुसन्धान ... प्रा.लि. स्था.२०७६ काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महत्व बताउन । ११ | गोलभैँडा, फर्सी, बरेला, स्कुस) आदि । | | | |
| | | विभिन्न मन्दिर र थानका नाम तथा त्यहाँ मानिसहरू जानुको उद्देश्य उल्लेख गर्न । १२ | मन्दिर र थान (शिवालय, भीमसेनथान, देवी मन्दिर, गणेश मन्दिर, गुफा मन्दिर आदि ) । | मस्तिष्क मन्थन र छलफल विधि । | मौखिक अभिव्यक्ति । | |
| | | स्थानीय स्तरमा प्रयोग हुने १३ विभिन्न बाजाका नाम बताउन र स्थानीय बाजाहरू पहिचान गर्न । | बाजाहरू (मादल, झ्याम्टा, सहनाई, ढोल आदि) | छलफल र प्रश्नोत्तर विधि । | मौखिक प्रश्न । | |
| **३. रमाइला ठाउँ र घुमफिर** | १ | कटारी नगरपालिका क्षेत्रका कुनै तीन प्रमुख सिमसारका नाम र सिमसारका विशेषता बताउन । १४ | कटारीमा सिमसार ( सिसाघारी सिमसार क्षेत्र, भुल्केपानी सिमसार क्षेत्र, खैरेनी सिमसार क्षेत्र आदि) । | अध्ययन भ्रमण, व्याख्या र छलफल विधि प्रयोग गर्ने । | समूहगत रूपमा बहुवैकल्पिक प्रश्न सोध्ने । | १९ |
| | | दृश्यावलोकन गर्न सकिने कटारी नगरपालिका क्षेत्रका केही डाँडाकाँडाका नाम र डाँडाकाँडाको महत्व बताउन । १५ | दृश्यावलोकनका निम्ति डाँडाकाँडा (बेतिनी, राउतखर्क, गहुँबारी, रमाइलो डाँडा लेखानी, चित्रे नाघी मयङ्खु, चुलीथाम डाँडा आदि) । | दृश्य सामग्री प्रयोग गरेर छलफल गराउने । | मौखिक रूपमा वस्तुगत प्रश्न र शब्द उच्चारण अभ्यास । | |

सभ्यता अनुसन्धान केन्द्र प्रा.लि. स्था.२०७६ काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कटारी क्षेत्रका केही प्रमुख महादेव गुफाका नाम र मानिसहरू महादेव गुफा जानुको उद्देश्य बताउन । १६ | महादेव गुफाहरू ( सिन्कौले महादेव गफा, ताराघारी महादेव गुफा, जगदीश्वर महादेव गुफा, भ्यारभ्यारे महादेव गुफा, पाडरे महादेव गुफा आदि)। | श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने । | मौखिक रूपमा छोटो उत्तर आउने प्रश्न सोध्ने । | |
| | | कटारी नगरपालिका क्षेत्रभित्र रहेका केही प्रमुख सोकला थानका नाम र साकेलाथानसँग सम्बन्धित समुदायको नाम बताउन । १७ | किरात राई समुदायका साकेलाथान । | मस्तिष्क मन्थन विधि । | शब्द पठन अभ्यास र मौखिक प्रश्न । | |
| **४. कृषि, उद्योग र आयआर्जन** | १ | डेरी उद्योगमा उत्पादन हुने सामग्रीका नाम र ती सामग्रीहरूको आर्थिक महत्व बताउन । १८ | डेरी उद्योग | शब्दपत्तीमा नाम लेखेर पालैपालो पढ्न लगाउने । | व्यक्तिगत प्रश्नोत्तर । | २८ |
| | | आयआर्जनका निम्ति अपनाइने केही प्रमुख पेसाका नाम र तिनको आर्थिक महत्व बताउन । १९ | आयआर्जनका निम्ति पेसा (कपाल काट्ने, सिलाइबुनाइ, खेतीपाती, होटल सञ्चालन, ड्राइभिङ आदि) | प्रश्नोत्तर विधिमार्फत छलफल । | वस्तुगत प्रश्न सोधेर विद्यार्थीको बोधस्तर मापन गर्ने । | |
| | | कटारी क्षेत्रमा पाइने केही प्रमुख जडीबुटीका नाम र तिनको महत्व बताउन । २० | कटारीमा पाइने विभिन्न जडीबुटी (अमला, हर्रो, तितेपाती, सुनाखरी, बोझो, असुरो, बेसार, | जडीबुटीका नाम लेखेर छलफल गर्ने । | सामूहिक प्रश्नोत्तर । | |

स्था.२०७६

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | घोडताप्रे )। | | | |
| | | कटारी क्षेत्रमा पाइने केही प्रमुख कन्दमूलका नाम र तिनको महत्व बताउन । २१ | कन्दमूल खेती (सखरखण्ड, आलु पिँडालु, घरतरुल र वनतरुल आदि)। | अन्तरक्रिया विधि । | मौखिक प्रश्न । | |
| | | चुनढुङ्गा पहिचान गर्न र यसको प्रयोजन बताउन । २२ | सिमेन्ट बनाउन कच्चा पदार्थका रूपमा चुनढुङ्गा | फोटो प्रदर्शन र अन्तरक्रिया विधि । | सामूहिक प्रश्नोत्तर । | |
| | | कटारी नगरपालिका क्षेत्रमा अभ्यास भइरहेका पशुपालनका नाम र तिनको आर्थिक महत्व बताउन । २३ | पशुपन्छीपालन (राँगा, भैँसी, गाई, बाखा, सुँगुर कुखुरा, हाँस आदि) । | व्याख्या र छलफल विधि । | बहुवैकल्पिक प्रश्नमार्फत श्रेणीमापन फारम भर्ने । | |
| **५. स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास** | १ | फोहोरदानीका प्रकार र फोहोरदानीको महत्व बताउन । २४ | फोहोर व्यवस्थापनका लागि तीन प्रकारका फोहोरदानी । | व्याख्या, प्रश्नोत्तर र अवलोकन विधि । | अभिभावक प्रतिक्रिया र सहपाठी मूल्याङ्कन । | ३३ |
| | | तीन प्रकारका मास्कका नाम, ती मास्क लागउनुका उद्देश्य बताउन । २५ | मास्कका प्रकार (एन ९५, सर्जिकल र कपडा) र तिनीहरूको महत्व । | प्रदर्शन विधि प्रयोग गरी छलफल गर्ने । | मौखिक रूपमा सामूहिक प्रश्नोत्तर । | |
| | | आफूभित्र जिज्ञासु स्वभाव विकास गर्न तथा सभ्य तरिकाले प्रश्न गर्न । २६ | प्रश्न गर्ने जिज्ञासु स्वभाव । | सान्दर्भिक प्रश्नहरू बनाएर छलफल गर्ने । | अभिभावक प्रतिक्रिया र मौखिक प्रश्न । | |
| | | व्यक्तिगत सरसफाइ गर्नुपर्ने कारण र व्यक्तिगत सरसफाइअन्तर्गत गर्नुपर्ने कामहरू उल्लेख गर्न । २७ | व्यक्तिगत सरसफाइ ( कपाल कोर्ने, नङ काट्ने, दाँत माझ्ने, जुत्ता पोलिस गर्ने, हात धुने आदि) । | प्रदर्शन तथा छलफल विधि । | सहपाठी मूल्याङ्कन र अवलोकन । | |

स्था.२०७६ काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आफू कृतज्ञ हुनुपर्ने पक्षका नाम बताउन तथा ती पक्षप्रति कृतज्ञता भाव प्रदर्शन गर्न । २८ | पितृ, प्रकृति, मातापिता, गुरु, पुर्खाप्रति कृतज्ञ रहने स्वभाव । | हाउभाउमार्फत कृतज्ञताको भाव अभ्यास गराउने । | विद्यार्थीको प्रस्तुति हेरेर आवश्यक पृष्ठपोषण दिने । | |
| | | व्यक्तिगत जीवनमा प्रसन्न अनुहारको महत्व बताउन तथा अनुहारमा प्रसन्नता झल्कने बानी विकास गर्न । २९ | प्रसन्न अनुहारको महत्व । | प्रयोगात्मक रूपमा विभिन्न प्रकारका हाँसोका अभ्यास गराउने । | व्यक्तिगत तथा सामूहिक रूपमा हाँसो र मुस्कानका फाइदा सोध्ने । | |
| | | सहयोगी भाव आवश्यक पर्ने कारण बताउन र आफूभित्र सहयोगी भाव विकास गर्न । ३० | सहयोगी भाव । | भाइबहिनीको ख्याल गर्ने, ज्येष्ठ नागरिकलाई सहयोग, शिक्षकलाई सहयोग, भान्साका काममा गरिने सहयोग बारे व्याख्या गर्ने । | सहपाठी मूल्याङ्कन । | |
| **६. सिप, स्थानीय खेलकुद र मनोरञ्जन** | १ | रुमाल लुकाइ खेल खेल्न र यो खेलका नियम क्रमबद्ध रूपमा अवलम्बन गर्न । ३१ | स्थानीय खेल रुमाल लुकाइ । | नियम अवलम्बन गराएर होसियारीपूर्वक खेल खेलाउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | १९ |
| | | समूहमा उभिएर उद्घोषण गर्न तथा बिना सङ्कोच आफ्ना भनाइ समूहमा राख्ने बानी विकास गर्न । ३२ | उद्घोषण कला । | विद्यार्थीलाई नमुना उद्घोषणमा सहभागी गराउने । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |
| | | खबर दौड खेलका नियम अवलम्बन गर्दै यो खेल खेल्न । ३३ | स्थानीय खेल खबर दौड । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई खेलमा सहभागी गराउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |
| | | नियम अवलम्बन गर्दै तातो आलु खेल खेल्न । ३४ | स्थानीय खेल तातो आलु । | नियमपूर्वक खेल खेलाउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |

**कक्षा २**

| विषय क्षेत्र | कक्षा | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो परिवेश** | २ | बेतिनीको भौगोलिक अवस्थिति र यहाँको हावापानी तथा महत्व बताउन । ३५ | बेतिनीको भौगोलिक अवस्थिति | छलफल विधि । | लिखित प्रश्न सोध्ने । | ३० |
| | | कटारी क्षेत्रमा रहेका खानी स्थलहरू र त्यहाँ पाइने खनिज तत्वका नाम बताउन । ३६ | कटारीका खानी (वडा नं १२ खानीडाँडा, वडा नं. ११ गहुँ बारी क्षेत्र, वडा नं. ८ । चुनढुङ्गा, अभ्रख, फलाम, मार्बल, तामा आदि) । | व्याख्या र छलफल विधि । | वस्तुगत प्रश्न । | |
| | | नगरपालिकाका विभिन्न स्थानमा बाँदरले सृजना गरेका समस्या र बाँदरका कारण उत्पन्न परिस्थिति बताउन । ३७ | बाँदरले सृजना गरेका समस्या । | शब्दपत्ती प्रदर्शन र प्रश्नोत्तर विधि । | लिखित प्रश्नोत्तर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परम्परागत चौतारीको प्रकृति र महत्व बताउन । ३८ | परम्परागत चौतारी (वरपिपल, समी, लाँकुरी आदि) । | अन्तरक्रिया विधि र शब्दपत्ती प्रयोग । | सामूहिक रूपमा मौखिक प्रश्न र शब्द उच्चारण अभ्यास । | |
| | | नदी उकास जग्गाको अर्थ र महत्व उल्लेख गर्न । ३९ | नदी उकास जग्गा र यसको उपयोगिता । | मस्तिष्क मन्थन विधि । | मौखिक प्रश्नोत्तर । | |
| | | कटारी नगरपालिकाका वडा नं. १ मा पर्ने पोखरिया बस्तीको भौगोलिक अवस्थिति र यो बस्तीका सामान्य बिशेषता बताउन । ४० | पोखरीया बस्ती (नासपाती, सुन्तला आदि फल्ने वडा नं. १ को चुरे वस्ती) | बुँदा टिपोट र अन्तरक्रिया विधि । | सृजनात्मक मौखिक प्रश्न । | |
| | | डाँडामा पानी पोखरीको सामान्य परिचय र यसको वातावरणीय महत्व उल्लेख गर्न । ४१ | डाँडाडाँडामा पानी पोखरी | शब्दपत्ती प्रदर्शन र प्रश्नोत्तर विधि । | लिखित प्रश्नोत्तर । | |
| **२. सामाजिक रितिथिति र परम्परा** | २ | तामाङ समुदायमा प्रचलित डम्फूको सामान्य परिचय, महत्व र यो बाजा बनाउने तरिका बताउन । ४२ | तामाङ समुदायमा डम्फूको महत्व । | चित्र प्रदर्शन र व्याख्या विधि । | सामूहिक प्रश्नोत्तर । | २६ |
| | | डिहीबारथानको सामान्य परिचय र यसको महत्व बताउन । ४३ | थारु दनुवार समुदायमा डिहीबारथान । | सामूहिक छलफल विधि । | वस्तुगत प्रश्न । | |
| | | बयलगाडाको सामान्य परिचय तथा कटारीमा वयलगाडा प्रयोग हुँदाको समयका विशेषता बताउन । ४४ | बयलगाडा कालमा कटारी । | बुँदा टिपोट र छलफल विधि । | प्रश्नोत्तर/सहपाठी मूल्याङ्कन । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भीमसेनथानको सामान्य परिचय र भीमसेनथानमा गरिने मुख्य त्रियाकलापहरू उल्लेख गर्न । ४५ | गालटार, रिस्कु रतनपुर, सानो चुहाड, मयङ्खु भादगाउँजस्ता स्थानमा रहेका भीमसेनथान । | व्याख्या र छलफल विधि । | लिखित कक्षाकार्य । | |
| | | ऐँचोपैँचो र अर्मपर्मको सामान्य परिचय र समाजमा यी प्रथाले खेल्ने भूमिका बताउन । ४६ | ऐँचोपैँचो, अर्मपर्मजस्ता समाजलाई जोडेर राख्ने ग्रामीण संस्कृति । | अनुभव आदानप्रदान र छलफल विधि । | मौखिक प्रश्न । | |
| | | मितेरी संस्कृतिको सामान्य परिचय र समाजमा यसको महत्व उल्लेख गर्न । ४७ | गाउँघरमा मितेरी संस्कृति । | विद्यार्थीकेन्द्रित छलफल विधि । | सामूहिक प्रश्नोत्तर । | |
| **३. रमाइला ठाउँ र घुमफिर** | २ | गुराँस हरियाली पार्कको सामान्य विशेषता र यो पार्कको महत्व बताउन । ४८ | गुराँस हरियाली पार्क । | अन्तरक्रिया, दृश्य सामग्री प्रदर्शन र अध्ययन भ्रमण विधि । | लिखित कक्षाकार्य । | २२ |
| | | लिम्पाटार गाउँको सामान्य परिचय र यसको पर्यटकीय महत्व उल्लेख गर्न । ४९ | लिम्पाटार । | मस्तिष्क मन्थन र व्याख्या विधि । | मौखिक अभिव्यक्ति । | |
| | | बिसौना बजारको अवस्थिति र पुरानो बजारका रूपमा बिसौना बजारको महत्व बताउन । ५० | पुरानो बाटोको रूपमा बिसौना बजार । | छलफल र अवलोकन भ्रमण विधि । | मौखिक प्रश्न । | |
| | | लेखानीमा रहेको हँसिया देवीथानको सामान्य परिचय र यसको महत्व बताउन । ५१ | लेखानीको हँसिया देवीथान । | दृश्य सामग्री र नक्सा प्रदर्शन विधि । | लिखित कार्य । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बलियामा रहेको कृष्ण प्रणामी मन्दिरको सामान्य परिचय र मुसहर समुदायका बालबालिकाहरूका निम्ति यहाँ सञ्चालित विद्यालयको सङ्क्षिप्त चिनारी बताउन । ५२ | कृष्ण प्रणामी मन्दिर बलिया । | विद्यार्थीकेन्द्रित अन्तरक्रिया विधि । | लिखित प्रश्नोत्तर । | |
| **४. कृषि, उद्योग र आयआर्जन** | २ | कटारीमा माछापालनको सम्भावना र उत्पादित माछाको बजार बताउन । ५३ | व्यवसायका रूपमा माछापालन । | छलफल विधि । | बहुवैकल्पिक प्रश्न । | २६ |
| | | नगदे बालीका रूपमा अदुवा र अकबरेको सामान्य परिचय तथा कटारी क्षेत्रमा अदुवा, अकबरे उत्पादनको अवस्था बताउन् । ५४ | नगदे बाली (अदुवा, अकबरे) । | छलफल र अनुभव आदानप्रदान विधि । | मौखिक प्रश्न । | |
| | | परबर खेतीको सामान्य परिचय दिन र परबर खेतीका लागि कटारीका उपयुक्त स्थानहरू पहिचान गर्न । ५५ | परबल खेती । | सामूहिक अन्तरक्रिया विधि । | सृजनात्मक मौखिक प्रश्न । | |
| | | वैकल्पिक वायु उर्जाको सामान्य परिचय र कटारी क्षेत्रमा वायु उर्जाको सम्भावना बताउन । ५७ | वैकल्पिक उर्जाका रूपमा हावा । | श्रव्यदृश्य सामग्री प्रदर्शन र छलफल विधि । | बहुवैकल्पिक प्रश्न । | |
| | | पुष्प खेतीको महत्व र कटारी नगरपालिकामा यसको व्यावसायिक सम्भावना बताउन । ५८ | व्यावसायिक रूपमा पुष्प खेती । | छलफल विधि । | लिखित प्रश्नोत्तर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सुन्तला खेती हुने कटारीका गाउँहरूका नाम र सुन्तला खेतीको बजार बताउन । ५८ | लिम्पाटार, लेखानीजस्ता ठाउँमा सुन्तला खेती । | विद्यार्थीकेन्द्रित छलफल । | लिखित कक्षाकार्य । | |
| **५. स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास** | २ | सुतीको भोटोको सामान्य परिचय र शिशुका लागि सुतीको भोटोको महत्व बताउन । ५९ | शिशुलाई सुतीको भोटो । | विश्लेषणात्मक विधि र छलफल विधि । | मौखिक प्रश्न । | ३९ |
| | | आवधिक रूपमा व्रत लिनुका फाइदा र व्रत लिने तरिका बताउन । ६० | आवधिक रूपमा व्रत । | शब्दपत्ती प्रयोग गरेर छलफल । | समूहगत कार्य दिने । | |
| | | स्वास्थ्यकर मासुको सामान्य परिचय र मासु काट्नु तथा पकाउनुअघि अपनाउनुपर्ने सावधानी बताउन । ६१ | स्वास्थ्यकर मासुको उपभोग । | व्याख्या र छलफल विधि । | लिखित प्रश्नोत्तर । | |
| | | पत्रु खानाको सामान्य परिचय र पत्रु खानाले पुऱ्याउने असर बताउन । ६२ | पत्रु खानाले स्वास्थ्यमा पुऱ्याउने असर । | विद्यार्थीले खाने खाना र खाजाको सूची तयार गरी छलफल । | बहुवैकल्पिक प्रश्न । | |
| | | खाली पेट बस्दा उत्पन्न हुने समस्या र पेटलाई खाली नराख्ने तरिका बताउन । ६३ | खाली पेट बस्दा उत्पन्न हुने समस्या | श्रव्यदृश्य सामग्री प्रदर्शन र विद्यार्थीकेन्द्रित छलफल विधि । | बुँदा टिपोटका आधारमा श्रेणीमापन फारम भर्ने । | |
| | | सृजनात्मक तरिकाले जन्मोत्सव मनाउने तरिका र यसका फाइदा बताउन । ६४ | सृजनात्मक तरिकाले जन्मोत्सव मनाउने विधि । | प्रश्नोत्तर र छलफल विधि । | जन्मोत्सवलाई कसरी बढी सृजनात्मक बनाउने भनेर विद्यार्थीलाई मौखिक प्रश्न सोध्ने र उनीहरूले दिएका जवाफका आधारमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | श्रेणीमापन फारम भर्ने । | |
| | | आफन्त र नातानालाप्रति गर्नुपर्ने राम्रो व्यवहार बताउन तथा उनीहरूप्रति दैनिक जीवनमा राम्रो व्यवहार गर्न । ८५ | आफन्त र नातानालाप्रतिको दायित्व । | विद्यार्थीकेन्द्रित अन्तरक्रिया विधि । | वस्तुगत प्रश्न । | |
| | | दैनिक जीवनमा फलफूल खानुका फाइदा बताउन तथा नियमित रूपमा फलफूल खाने बानी विकास गर्न । ८६ | फलफूल खानुका फाइदा । | व्याख्या र छलफल विधि । | लिखित प्रश्नोत्तर । | |
| | | कर्मशील परिवारको सामान्य अर्थ बताउन तथा आफूभित्र कामलाई सम्मान गर्ने र काम गर्ने बानी विकास गर्न । ८७ | कर्मशील परिवार । | प्रश्नोत्तर गरेर कक्षालाई अन्तक्रियात्मक बनाउने । | मैखिक जवाफका आधारमा श्रेणीमापन फारम भर्ने । | |
| **६. सिप, स्थानीय खेलकुद र मनोरञ्जन** | २ | चम्चादौड खेलका नियम अवलम्बन गर्दै यो खेल खेल्न । ८८ | स्थानीय खेल चम्चा दौड । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई खेलमा सहभागी गराउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | १७ |
| | | दन्त्यकथा भन्ने, सुन्ने र दन्त्यकथालाई विश्लेषण गर्ने बानी विकास गर्न । ८९ | दन्त्यकथा । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई दन्त्यकथा भन्ने र सुन्ने कार्यमा सहभागी गराउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |
| | | चुङ्गी खेलका नियम अवलम्बन गर्न र चुङ्गी खेल खेल्न । ९० | चुङ्गी खेल । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई नमूना रुजुसूची तयार गरी भर्न लगाउने । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |
| | | समूहमा उभिएर उद्घोषण गर्न र निर्धक्क भएर आफ्ना जायज कुरा भन्न । ९१ | उद्घोषण । | नमूना उद्घोषणमा सहभागी गराउने । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |

## कक्षा ३

| विषय क्षेत्र | कक्षा | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो परिवेश** | ३ | सामुदायिक वनको सामान्य अर्थ, महत्व तथा आफ्नो वडामा भएका समुदायिक वनहरूका नाम बताउन । ६१ | कटारीका सामुदायिक वन | सामूहिक छलफल विधि । | मौखिक अभिव्यक्ति । | २६ |
| | | खैरेनी सिमसारको सामन्य परिचय र यसको विशेषता बताउन । ६२ | खैरेनी सिमसार | शब्दपत्तीको प्रयोग गरी छलफल गर्ने । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | कटारी बजारमा रहेको गोलपार्कको सामान्य परिचय र महत्व बताउन । ६४ | कटारीमा गोलपार्क | अवलोकन भ्रमण | अवलोकन भ्रमणमा बुँदा टिपोट गर्न लगाई मूल्याङ्कन गर्ने । | |
| | | तारघारीमा रहेको महादेव गुफाको सामान्य परिचय तथा यहाँ भित्र रहेका भौतिक संरचनाका नाम तथा तागधारी महादेव गुफाको महत्व बताउन । ६५ | ताराघारी महादेव गुफा | दृश्य सामग्री प्रदर्शन र अन्तरक्रिया विधि । | लिखित प्रश्नोत्तर । | |
| | | चुरे पहाडको सामान्य परिचय र यसको संवेदनशीलता बताउन । ६६ | चुरे पहाड | सामूहिक छलफल विधि । | मौखिक अभिव्यक्ति । | |

स्था.२०७६ ... अनुसन्धान केन्द्र प्रा. लि. ... काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कटारीलाई छोएर जाने दुई प्रमुख राजमार्गका नाम र तिनीहरूको सङ्क्षिप्त परिचय बताउन । | कटारीमा राजमार्ग | व्याख्या र मस्तिष्क मन्थन विधि । | सामूहिक प्रश्नोत्तर । | |
| | | सिसाघारी सिमसार क्षेत्रको सामान्य परिचय र यसको महत्व बताउन । | सिसाघारी सिमसार क्षेत्र । | श्रव्यदृश्य सामग्री र छलफल विधि । | समूहगत रूपमा मौखिक प्रश्न सोध्ने । | |
| **२. सामाजिक रितिथिति र परम्परा** | ३ | दनुवार भाषामा सामान्य कुराकानी गर्न तथा आफ्नो मातृभाषाप्रति गौरव महसुस गर्न । | दनुवार भाषा संवाद । | हाउभाउसहित संवादको अभ्यास । | अवलोकन र सहपाठी मूल्याङ्कन । | ३० |
| | | संसारीमाई पूजाको सामान्य परिचय र यो पूजा गर्ने तरिका उल्लेख गर्न । | संसारीमाई पूजा । | सृजनात्मक छलफल विधि । | श्रेणीमापन फारम भर्ने । | |
| | | मुसहर्नी देवीथानको सामान्य परिचय र स्थानीयहरू बिच यो थानको महत्व बताउन । | मुसहर्नी देवीथान | विश्लेषणात्मक छलफल विधि । | लिखित कक्षाकार्य । | |
| | | साकेलाको सामान्य परिचय र किरात राई समुदायमा साकेलाको महत्व उल्लेख गर्न । | किरात राईको साकेला | श्रव्यदृश्य सामग्री प्रदर्शन र छलफल विधि । | शब्द पठन अभ्यास र मौखिक प्रश्न । | |
| | | कोशी पूजाको सामान्य परिचय र कोशी पूजा गर्ने तरिका बताउन । | माझी समुदायको कोशी पूजा । | सृजनात्मक छलफल विधि । | श्रेणीमापन फारम भर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हायु समुदायमा प्रचलित आइतबारे पूजा गर्ने तरिका बताउन । ८४ | हायु समुदायमा आइतबारे पूजा । | विश्लेषणात्मक विधि । | लिखित कक्षाकार्य । | |
| **३. रमाइला ठाउँ र घुमफिर** | ३ | लेखानीमा रहेको सिद्धेश्वर बाबा मन्दिरको सामान्य परिचय र यो मन्दिरको स्थानीय महत्व बताउन । ८५ | लेखानीमा सिद्धेश्वर बाबा । | दृश्य सामग्री प्रदर्शन विधि । | मौखिक रूपमा वस्तुगत प्रश्न । | |
| | | पञ्चकोशीमा त्याफ्टिङको सम्भावना र महत्व बताउन ।८६ | पञ्चकोशीमा त्याफ्टिङ । | शैक्षिक भ्रमण र बुँदा टिपोट विधि । | बुँदा टिपोटका आधारमा मूल्याङ्कन गर्ने । | २२ |
| | | गैंडाआहालको अवस्थिति, विशेषता र महत्व बताउन । ८७ | गैंडाआहाल । | दृश्य सामग्री प्रदर्शन र व्याख्या विधि । | बहुवैकल्पिक प्रश्न । | |
| | | कटारीमा रहेका गुम्बा र गुम्बासँग सम्बन्धित समुदायका नाम तथा गुम्बाको महत्व बताउन । ८८ | कटारीमा गुम्वा । | गुम्वाका नाम अङ्कित शब्दपत्ती प्रदर्शन गरेर छलफल । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | सुगाजोर सामुदायिक वनभित्र रहेको रक्तकाली मन्दिरको सामान्य परिचय र स्थानीयहरूबिच रक्तकाली मन्दिरको महत्व बताउन । ८९ | रक्तकाली मन्दिर सुगाजोर । | व्याख्या र छलफल विधि । | वस्तुगत प्रश्न । | |
| **४. कृषि, उद्योग र आयआर्जन** | ३ | घोंगीको सामान्य परिचय र घोंगीको व्यवसायिकरण गर्ने तरिका उल्लेख गर्न । ९० | घोंगीको व्यावसायीकरण । | छलफल र अनुभव आदानप्रदान विधि अवलम्बन । | मौखिक प्रश्न । | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | बहुसांस्कृतिक सङ्ग्रहालयको सामान्य परिचय र महत्व उल्लेख गर्न । ६१ | बहुसांस्कृतिक सङ्ग्रहालय । | मस्तिष्क मन्थन विधि । | लिखित गृहकार्य । | |
| | | स्थानीय च्याउका प्रकार र तिनीहरूका विशेषता र महत्व उल्लेख गर्न । ६२ | स्थानीय च्याउ । | दृश्य सामग्री प्रदर्शन र छलफल विधि । | सामूहिक प्रश्नोत्तर । | |
| | | साइट्रस प्रजातिका फलफूलको सामान्य परिचय र कटारी नगरपालिका क्षेत्रमा तिनीहरूको उत्पादन अवस्था बताउन । ६३ | साइट्रस प्रजातिका फलफूल । | शब्दपत्तीको प्रयोग र छलफल विधि । | लिखित वस्तुगत प्रश्न । | |
| | | कटारी नगरपालिकाभित्र धान खेती विगत तथा वर्तमानको अवस्था र धान खेतीबाट लिन सकिने लाभ बताउन । ६४ | धान खेती । | वाक्यपत्ती र दृश्य सामग्री प्रदर्शन तथा छलफल विधि । | सङ्क्षिप्त उत्तर आउने प्रश्न सोध्ने । | |
| | | खरबुजाको सामान्य परिचय तथा खरबुजाको स्वास्थ्यकारी गुणबाट आयआर्जन गर्न सकिने उपाय बताउन । ६५ | खरबुजा खेती । | छलफल विधि । | लिखित प्रश्न सोध्ने | |
| | | बैङ्किङ सेवाको सामान्य परिचय र बैङ्किङ सेवाका फाइदा बताउन । ६६ | बैङ्किङ सेवा । | छलफल विधि । | बहुवैकल्पिक प्रश्न/टिपोटका आधारमा मूल्याङ्कन । | |
| **५. स्वास्थ्य, नैतिकता** | ३ | शारीरिक अपाङ्गता विभिन्न | फरक क्षमताका रूपमा | दृश्य सामग्री प्रदर्शन र व्याख्या | मौखिक अभिव्यक्ति । | ३९ |

स्था.२०७६ अनुसन्धान ... प्रा. लि. काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र व्यक्तित्व विकास | | प्रकार तथा शारीरिक अपाङ्गतालाई फरक क्षमताका रूपमा प्रयोग गर्न सकिने तरिका उल्लेख गर्न । ९७ | अपाङ्गता । | विधि । | | |
| | | विद्युतीय साधनको सन्तुलित प्रयोग गर्नुका मोबाइल, ल्यापटपजसता फाइदा बताउन तथा दैनिक जीवनमा यस्ता साधानको प्रयोगमा सन्तुलन कायम गर्न । ९८ | मोबाइल, ल्यापटपजस्ता विद्युतीय साधनको सन्तुलित प्रयोग । | मस्तिष्कमन्थन विधि प्रयोग गरी छलफल गर्ने । | बहुवैकल्पिक प्रश्न । | |
| | | समस्याको शान्तिपूर्ण समाधान गर्दा हुने फाइदा बताउन तथा व्यक्तिगत जीवनमा यसको अभ्यास गर्न । ९९ | समस्याको शान्तिपूर्ण समाधान । | अन्तरक्रियात्मक विधि । | बुँदागत उत्तर आउने लिखित कक्षाकार्य । | |
| | | गलत छुवाइको सामान्य अर्थ बताउन तथा यस्तो छुवाइबाट सावधान हुन र सावधान हुने तरिका उल्लेख गर्न । १०० | गलत छुवाइ । | विद्यार्थीकेन्द्रित छलफल र प्रश्नोत्तर विधि । | लिखित प्रश्नोत्तर । | |
| | | ध्यान गर्ने तरिका र स्वास्थ्यका लीगि ध्यानको महत्व बताउन । १०१ | स्वास्थ्यका लागि ध्यान । | प्रयोगात्मक अभ्यास र छलफल विधि । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | पाखनभेदको सामान्य परिचय र यसको औषधीय महत्व उल्लेख गर्न । १०२ | पाखनभेदको औषधीय महत्व । | शब्दपत्तीको प्रयोग र छलफल विधि । | लिखित वस्तुगत प्रश्न । | |
| | | सुधारिएको चुलोको सामान्य परिचय र यस्तो चुलोले मानव | सुधारिएको चुलो । | दृष्टान्तमा आधारित छलफल | अभिभावक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव बताउन । १०३ | | विधि । | प्रतिक्रिया/मौखिक प्रश्न । | |
| | | हात धुने तरिका तथा हात धुनुको महत्व बताउन । १०४ | हात धुनुको महत्व । | अनुभवमा आधारित विद्यार्थीकेन्द्रित छलफल विधि । | | |
| | | आफूलाई अभिव्यक्त गर्ने सकारात्मक तरिका र यसको फाइदा बताउन । १०५ | आफूलाई अभिव्यक्त गर्ने बानी । | प्रयोगतात्मक विधि । | लिखित वस्तुगत प्रश्न । | |
| **६. सिप, स्थानीय खेलकुद र मनोरञ्जन** | ३ | कटारी बजामा सिनेमा हलको सामान्य इतिहास र विगतमा सिनेमा हलको महत्व बताउन । १०६ | सिनेमा हल । | विद्यार्थीले सिनेमा हलमा गई सिनेमा हेरे नहेरेको सोधी अनुभव भन्न लगाउने । | श्रुति मूल्याङ्कन । | १३ |
| | | रुजुसूचीका नमुना भर्न तथा आफैँ रुजुसूचीका नमुना विकास गर्न । १०७ | रुजुसूची । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई नमुना रुजुसूची तयार गरी भर्न लगाउने । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |
| | | सार्वजनिक रूपमा आफ्ना भनाइ अभिव्यक्त गर्ने सिप विकास गर्न तथा आफूमा उद्घोषण कला विकास गर्न । १०८ | उद्घोषण । | प्रयोगात्मक रूपमा नमूना उद्घोषण । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |

## कक्षा ४

| विषय क्षेत्र | कक्षा | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. परिवेश, वातावरण र जैविक विविधता** | ४ | कटारीका विभिन्न स्थानमा रहेको पानीको अभाव तथा पानीको अभावलाई व्यवस्थापन गर्ने उपाय उल्लेख गर्न । १०९ | पानीको समस्या (लामी दुवाली, लेखानीजस्ता स्थान) । | नक्साहरूको प्रदर्शन र छलफल विधि । | प्रश्नोत्तर । | १९ |
| | | कटारी नगरपालिकाको कुल क्षेत्रफल तथा यसका वडाहरूका सङ्ख्या र कटारी नगरपालिकाको सिमाना बताउन । ११० | एक झलकमा कटारी । | विश्लेषणात्मक छलफल विधि । | मौखिक प्रश्नोत्तर । | |
| | | भुल्केपानी सिमसार क्षेत्रको सामान्य परिचय र यो सिमसार क्षेत्रको महत्व बताउन । १११ | भुल्केपानी सिमसार क्षेत्र | अन्तरक्रिया विधि । | वस्तुगत प्रश्न । | |
| | | थाकल वनस्पतिको सामान्य परिचय र यसको उपयोगिता बताउन । ११२ | थाकल वनस्पति । | व्याख्या र छलफल विधि । | लिखित रूपमा सङ्क्षिप्त उत्तर आउने प्रश्न । | |
| | | कटारीमा बस्ती विकासका विभिन्न चरण र कटारी बजारको विगत र वर्तमान अवस्था उल्लेख गर्न । ११३ | कटारीमा वस्ती विकास । | कटारीका भौगोलिक, प्रशासनिक तथा विभिन्न प्रकारका नक्साहरूको प्रदर्शन र छलफल । | प्रश्नोत्तर । | |
| **२. हाम्रा रीतिरिवाज** | ४ | कमला, मरुवा र तावाखोलाको | त्रिवेणी मेला । | दृश्य सामग्री प्रदर्शन र छलफल | वस्तुगत प्रश्न । | १९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र प्रथा परम्परा | | त्रिवेणीमा लाग्ने मेलाको सामान्य परिचय र यो मेलाको विशेषता उल्लेख गर्न । ११४ | | विधि । | | |
| | | हुर्रा नाचको सामान्य परिचय र मगर समुदायमा यो नाचको महत्व तथा तरिका बताउन । ११५ | हुर्रा नाच | श्रव्यदृश्य सामग्री प्रदर्शन र अन्तरक्रिया विधि । | सहपाठी मूल्याङ्कन । | |
| | | तामाङ भाषामासामान्य कुराकानी गर्न र तामाङ भाषामा एकदेखि दससम्मका अङ्क गणना गर्न । ११६ | तामाङ भाषा संवाद । | हाउभाउसहित संवादको अभ्यास । | सहपाठी मूल्याङ्कन । | |
| | | कटारी क्षेत्रका दनुवार समुदायले ठुली एकादशी मनाउने तरिका र ठुली एकादशीको महत्व बताउन । ११७ | दनुवार समुदायमा ठुली एकादशी | सामूहिक छलफल विधि । | लिखित कक्षाकार्य । | |
| | | ल्होसार पर्वको सामान्य परिचय र ल्होसार मनाउने समुदायमा यो पर्वको महत्व बताउन । ११८ | ल्होसार | छलफल, प्रश्नोत्तर र व्याख्या विधि । | लिखित गृहकार्य । | |
| ३. पर्यटन तथा आर्थिक क्रियाकलाप | ४ | सैलुन पेसाको सामान्य परिचय र यो पेसाबाट आयआर्जन गर्ने तरिका बताउन । ११९ | कपाल काट्ने सैलुन पेसा । | विद्यार्थीकेन्द्रित अन्तरक्रिया विधि । | लिखित कक्षाकार्य । | १९ |
| | | सुगाजोर वनमा पाइने पशुपन्छीका नाम र ती पशुपन्छीको महत्व उल्लेख गर्न । १२० | सुगाजोर वनमा पशुपन्छी | दृश्य सामग्री प्रदर्शन र छलफल विधि । | लिखित प्रश्नोत्तर । | |
| | | किरातेश्वर डाँडाको अवस्थिति र | किरातेश्वर डाँडा | छलफल र प्रश्नोत्तर विधि । | सूचीकरणका आधारमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यो डाँडामा रहेको धार्मिक स्थलहरूको सामान्य परिचय बताउन । १२१ | | | मूल्याङ्कन गर्ने । | |
| | | बेलको सामान्य परिचय बताउन र यसको उपयोगिता तथा बेलका दानाबाट आयआर्जन गर्ने तरिका बताउन । १२२ | बेलको उपयोग | अन्तरक्रियात्मक विधि । | सूचीकरण । | |
| | | लेखानीमा रहेको रमाइलो डाँडाको सामान्य परिचय र पर्यटकीय महत्व उल्लेख गर्न । १२३ | रमाइलो डाँडा लेखानी | दृश्य सामग्री प्रदर्शन र छलफल विधि । | सामूहिक प्रश्नोत्तर । | |
| **४. सामाजिक चेतना तथा सेवा प्रवाह** | ४ | सामुदायिक पुस्तकालयको सामान्य परिचय र महत्व बताउन । १२४ | सामुदायिक पुस्तकालय | प्रदर्शन, व्याख्या र छलफल विधि । | मौखिक प्रश्न । | २७ |
| | | बढ्दो सहरीकरणले सृजना गर्ने समस्या र सहरीकरणको व्यवस्थापन गर्ने तरिका बताउन । १२५ | बढ्दो सहरीकरण | शब्दपत्ती र विद्युतीय श्रव्यदृश्य सामग्रीको प्रयोग । | परियोजना कार्य गर्न लगाउने । | |
| | | मुस्कानसहित सेवाको सामान्य अर्थ र महत्व बताउन । १२६ | मुस्कानसहित सेवा | अभिनय विधि प्रयोग गरी सेवा प्रदायक र सेवाग्राहीको भूमिका निर्वाह गर्ने । | विद्यार्थीले गरेको अभिनयको प्रस्तुति हेरेर श्रेणीमापन फारम भर्ने । | |
| | | रङअनुसार अपाङ्गता परिचय पत्रको पहिचान र अपाङ्गताका चार प्रकार व्याख्या गर्न । १२६ | अपाङ्गता कार्ड | अपाङ्गता कार्डका नमुना प्रदर्शन र छलफल विधि । | मौखिक रूपमा प्रश्न सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वडाध्यक्षको सामान्य परिचय तथा वडाध्यक्षका काम कर्तव्य र अधिकार उल्लेख गर्न । १२८ | वडाध्यक्षका काम, कर्तव्य र अधिकार | वडाका जनप्रतिनिधिका नाम लेखिएका शब्दपत्ती प्रदर्शन गरेर छलफल गर्ने । | बुँदागत टिपोटका आधारमा मूल्याङ्कन गरी श्रेणीमापन फारम भर्ने । | |
| | | विभेदका प्रकार र विभेद अन्त गर्ने उपायहरू उल्लेख गर्न । १२९ | विभेद | छलफल र अनुभव आदानप्रदान विधि । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | कटारीका मिश्रित समाजहरूका विशेषता र कटारीमा रहेको पारस्पारिक सहिष्णुता उल्लेख गर्न । १३० | कटारीमा मिश्रित समाज र सहिष्णुता | व्याख्या, प्रश्नोत्तर र अवलोकन विधि । | बुँदागत रूपमा टिपोट गर्न लगाउने । | |
| **५. स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास** | ४ | भाइरसका प्रकार र तिनीहरूबाट सावधानी हुने तरिका उल्लेख गर्न । १३१ | भाइरसबाट सावधानी | शब्दपत्तीको प्रयोग गरी छलफल विधि अवलम्बन । | कक्षाकार्यका रूपमा सङ्क्षिप्त उत्तर आउने प्रश्न सोध्ने । | २७ |
| | | रैथानै अन्नबालीका प्रकार र तिनीहरूको स्वास्थ्य महत्व उल्लेख गर्न । १३२ | रैथाने अन्नबाली (कोदो, फापर, गहत, फिलुङ्गे, जुनेलो आदि) । | शब्दपत्तीको प्रयोग गरी प्रश्नोत्तर विधि । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | पदमार्गको सामान्य परिचय तथा पदमार्गबाट लिन सकिने स्वास्थय फाइदा र कटारमा पदमार्गका सम्भाव्यता बताउन । १३३ | स्वास्थ्य र पर्यटनका लागि पदमार्ग | अन्तरक्रिया र प्रयोगात्मक विधि । | लिखित कक्षाकार्य । | |
| | | सेवा प्रदायकले प्रस्तुत गर्नुपर्ने इमानदारी र त्यस्तो इमानदारीको महत्व बताउन । १३४ | सेवा प्रदायकको इमान्दारी | अन्तरक्रिया विधि । | बहुविकल्प प्रश्न । | |
| | | अर्गानिक खेतीको सामान्य अर्थ तथा यसबाट हुने फाइदा बताउन । १३५ | अर्गानिक खेती । | छलफल र व्याख्या विधि । | कक्षाकार्यका रूपमा लिखित प्रश्न । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्लास्टिक प्रदूषणको सामान्य अर्थ तथा यसले गर्ने असर र प्लास्टिक प्रदूषण घटाउने उपाय बताउन । १३६ | प्लास्टिक प्रदूषण । | अन्तरक्रिया र प्रयोगात्मक विधि । | मौखिक छलफलका आधारमा मुल्याङ्कन गर्ने । | |
| | | खोरेत रोगको सामान्य परिचय तथा लक्षण र खोरेत रोग लागेका जनावरलाई जोगाउने तरिका बताउन । १३७ | जनावरमा लाग्ने खोरेत रोग | विद्यार्थीकेन्द्रित छलफल । | सामूहिक प्रश्नोत्तर । | |
| **६. सिप, खेलकुद तथा मनोरञ्जन** | ४ | आसपास खेलको नियम अवलम्बन गर्दै आसपास खेल खेल्न । १३८ | आसपास | प्रयोगात्मक रूपमा विद्यार्थीलाई खेलमा सहभागी गराउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | १७ |
| | | रुजु सूची फाराम भर्न र रुजुसुचीको नमुना विकास गर्न । १३९ | रुजुसूची फाराम । | प्रयोगात्मक रूपमा विद्यार्थीलाई नमुना रुजुसूची तयार गरी भर्न लगाउने । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |
| | | उद्घोषण कला विकास गर्न र आफ्नो अभिव्यक्ति शैली राम्रो बनाउन । १४० | उद्घोषण कलाको अभ्यास । | कक्षामा नमुना उद्घोषण विधि अवलम्बन । | अवलोकन र शिक्षकको मूल्याङ्कन । | |
| | | गाउँखाने कथा भन्ने अभ्यास गर्न र आफ्नो सृजनात्मक क्षमता विकास गर्न । १४१ | गाउँखाने कथा । | प्रयोगात्मक रूपमा गाउँखाने कथत भन्न र सुन्न लगाउने । | व्यक्तिगत तथा सामूहिक रूपमा श्रेणीमापन फारम भर्ने । | |

## कक्षा ५

| विषय क्षेत्र | कक्षा | सिकाइ उपलब्धी | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. परिवेश, वातावरण र जैविक विविधता** | ५ | कटारीमा नदी कटानको समस्या र नियन्त्रणका उपाय बताउन । १४२ | कटारीमा नदी कटान । | विश्लेषणात्मक छलफल विधि । | वस्तुगत प्रश्न । | १९ |
| | | कटारीका पहाडी गाउँहरूको सामान्य परिचय र तिनीहरूको महत्व बताउन । १४३ | कटारीका पहाडी गाउँहरू | छलफल विधि । | बुँदा टिपोटका आधारमा मूल्याङ्कन गर्ने । | |
| | | चुनढुङ्गा बोक्ने ढुवानीका साधनका कारण कटारी क्षेत्रमा रहेको सडक सुरक्ष खतराको अवस्था र यो समस्या व्यवस्थापनका उपाय उल्लेख गर्न । १४४ | चुनढुङ्गा ढुवानीका साधन । | व्याख्या र विश्लेषणात्मक विधि । | मौखिक अभिव्यक्ति । | |
| | | नदीका ढुङ्गा, वालुवा तथा गिट्टीजस्ता प्राकृतिक स्रोतको सामान्य परिचय र यसको संरक्षणका उपाय बताउन ।१४५ | प्राकृतिक स्रोतको संरक्षण | व्याख्या र सूचीकरण विधि । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| | | चुरे क्षेत्र विनाशका कारण र चुरे क्षेत्रको संरक्षण गर्ने उपाय बताउन । १४६ | चुरे क्षेत्र संरक्षण । | शब्दपत्ती र दृश्य सामग्री प्रदर्शन तथा छलफल विधि । | सूचीकरण गर्न लगाएर मूल्याङ्कन गर्ने । | |
| **२. हाम्रा रीतिरिवाज र प्रथा परम्परा** | ५ | थारु समुदायमा प्रचलित माइजन प्रथाको सामान्य परिचय र हाल यो प्रथाको अवस्था | थारु समुदायमा माइजन प्रथा | व्याख्या विधि प्रयोग र छलफल । | छोटा उत्तर आउने लिखित प्रश्न । | १९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन । १४७ | | | | |
| | | दनुवार समुदायका विवाहमा प्रचलित हक्रेमड्यौली प्रथाको सामान्य परिचय र हक्रेमड्यौलीले विवाहका समयमा खेल्ने भूमिका उल्लेख गर्न । १४८ | दनुवारका विवाहमा हक्रेमड्यौली | छलफल विधि । | प्रश्नहरूको लिखित गृहकार्य । | |
| | | मधेसी संस्कृतिमा मुण्डनको सामान्य परिचय र मुण्डनमा अवलम्बन गरिने प्रमुख कार्यहरू बताउन । १४९ | मधेसी संस्कृतिमा मुण्डन | प्रश्नोत्तरमा आधारित अन्तरक्रिया विधि । | बहुविकल्प प्रश्न । | |
| | | लिम्पाटार क्षेत्रमा गरिने रामदलको सामान्य परिचय र मकै गोड्दा अपनाइने पारस्पारिक सहयोगको महत्व बताउन । १५० | लिम्पाटारमा रामदल | श्रव्यदृश्य सामग्री प्रदर्शन र छलफल विधि । | प्रश्नहरूको लिखित गृहकार्य । | |
| | | थरु भाषामा एकदेखि दस सम्मका अङ्क गन्न र यो भाषामा सामान्य कुराकानी गर्न । १५१ | थारु भाषा संवाद । | हाउभाउसहित संवादको अभ्यास । | सहपाठी मूल्याङ्कन । | |
| | | योगका सामान्य अर्थ र योगका प्रमुख फाइदाहरू उल्लेख गर्न । १५२ | योग | समूहगत छलफल र प्रयोगात्मक विधि । | समूहगत रूपमा योग गर्न प्रेरित गरी मूल्याङ्कन गर्ने । | |
| **३. पर्यटन तथा आर्थिक क्रियाकलाप** | ५ | महेन्द्रमल्लीमा रहेका सिन्कौले महादेव गुफाको सामानय १५३ | महिन्द्र मल्लीमा सिन्कौले महादेव गुफा | नक्सा प्रदर्शन र छलफल विधि । | मौखिक प्रश्न । | १९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय तथा यस गुफा वरिपरि प्राकृतिक वातावरण उल्लेख गर्न । १५४ | | | | |
| | | घुर्मी बजारको अवस्थिति र यो बजारको आर्थिक महत्व बताउन । १५५ | घुर्मीबजार | वर्णनात्मक विधि र अवलोकन भ्रमण विधि । | मौखिक प्रश्न । | |
| | | खसीबासमा रहेको जगदीश्वर मन्दिरको सामान्य परिचय र यो मन्दिरको महत्व बताउन । १५६ | जगदीश्वर महादेव खसीबास | नक्सा प्रदर्शन र छलफल विधि । | मौखिक प्रश्न । | |
| | | एक व्यापारिक बजारका रूपमा कटारीको विगत र हालको व्यापारिक अवस्था बताउन । १५७ | व्यापारिक बजार कटारी | व्याख्या र मस्तिष्क मन्थन विधि । | लिखित गृहकार्य । | |
| | | मिश्रित खेती प्रणालीको सामान्य परिचय तथा यसबाट हुने लाभ बताउन । १५८ | मिश्रित खेती प्रणाली | छलफल विधि | लिखित रूपमा प्रश्न सोध्ने | |
| **४. सामाजिक चेतना तथा सेवा प्रवाह** | ५ | चालकका निम्ति मोटरसाइकल तथा स्कुटर हेलमेटको महत्व र हेलमेट किन्दा अपनाउनुपर्ने सावधानी बताउन । १५९ | सवारी सुरक्षाका लागि हेलमेट | अन्तरक्रिया र अनुभव आदानप्रदान विधि । | प्रश्नको उत्तर लेख्न लगाएर मूल्याङ्कन गर्ने । | २७ |
| | | साइबर बुलिङको सामान्य अर्थ र यसले पार्ने नकारात्मक असर र साइबर बुलिङबाट बच्ने उपाय उल्लेख गर्न । १६० | साइबर बुलिङ | मस्तिष्क मन्थन विधि । | सङ्क्षिप्त उत्तर आउने लिखित गृहकार्य । | |
| | | ग्याँस सिलिण्डरको प्रयोगमा | ग्याँस सिलिण्डरको | विश्लेषणात्मक छलफल र | सामूहिक प्रश्नोत्तर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अपनाउनुपर्ने सावधानी र ग्याँस सिलिण्डरको म्याद हेर्ने तरिका बताउन । १६१ | प्रयोगमा सावधानी | प्रयोगात्मक विधि । | | |
| | | नेपालमा जग्गा मापनका दुई प्रमुख एकाइ प्रचलित रोपनी र बिगाहाको सामान्य परिचय र यी एकाइका उप-एकाइहरू बताउन । १६२ | जग्गा मापनका एकाइ | विद्यार्थीकेन्द्रित छलफल र प्रश्नोत्तर विधि । | कक्षाकार्य गर्न दिएर त्यसैका आधारमा मूल्याङ्कन गर्ने । | |
| | | ध्वनि प्रदूषणको सामान्य अर्थ, ध्वनि प्रदूषणका तरिका र ध्वनि प्रदूषणबाट जोगिने उपाय बताउन । १६३ | ध्वनि प्रदूषण | बुँदा टिपोट र अन्तरक्रिया विधि । | बहुविकल्प भएका लिखित प्रश्न । | |
| | | उद्योग वाणिज्य सङ्घको सामान्य परिचय तथा यसका प्रमुख कार्यहरू बताउन । १६४ | उद्योग वाणिज्य संघ | छलफल र प्रश्नोत्तर विधि । | मौखिक प्रश्न । | |
| | | कटारीमा ट्राफिक सुरक्षाको अवस्था र ट्राफिक सुरक्षा कायम गर्ने तरिका उल्लेख गर्न । १६५ | ट्राफिक सुरक्षा | शब्दपत्ती र विद्युतीय श्रव्यदृश्य सामग्रीको प्रयोग । | परियोजना कार्य गर्न लगाउने । | |
| **५. स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास** | ५ | सिधेनुनको सामान्य परिचय र यसको स्वास्थ्य फाइदा बताउन । १६६ | सिधे नुन | सामूहिक अन्तरक्रिया विधि । | मौखिक कक्षाकार्य । | २७ |
| | | सन्तुलित आहारका पाँच तत्वहरूका नाम, ती तत्वहरू प्राप्त हुने स्रोत र ती स्रोतबाट पाइने स्वास्थ्य लाभ बताउन ।१६७ | सन्तुलित आहार | विद्यार्थीकेन्द्रित छलफल । | सामूहिक प्रश्नोत्तर । | |
| | | सुरक्षित पिउने पानीका लागि | पिउने पानी | शब्दपत्तीको प्रयोग गरी छलफल | कक्षाकार्यका रूपमा सङ्क्षिप्त | |

स्था.२०७६

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आवश्यक पूर्व सर्त र जीवनमा पिउने पानीको महत्व उल्लेख गर्न । | | विधि अवलम्बन । | उत्तर आउने प्रश्न सोध्ने । | |
| | | डेँगु रोगको सामान्य परिचय तथा यो रोग लागेपछि अपनाउनुपर्ने सावधानी बताउन । | डेँगु | सुचीकरण र छलफल विधि । | लिखित गृहकार्य । | |
| | | पृथक विचारको सम्मानको महत्व बताउन र आफूभित्र पृथक विचारको सम्मान गर्ने संस्कृति विकास गर्न । | पृथक विचारको सम्मान | अन्तरक्रियात्मक विधि । | बहुविकल्प प्रश्न । | |
| | | लागु पदार्थको सामान्य परिचय र यसबाट हुने असर तथा लागु पदार्थबाट बच्ने उपाय बताउन् । | लागु पदार्थ | विश्लेषणात्मक अन्तरक्रिया विधि । | मौखिक प्रश्न । | |
| **६. सिप, खेलकुद तथा मनोरञ्जन** | ५ | आफ्नो बोलीचालीमा उखानहरू प्रयोग गर्ने बानी विकास गर्न र उखानहरूमा रहेका प्रतीकात्मक अर्थ बताउन । | उखान | सामूहिक छलफल विधि । | मौखिक अभिव्यक्ति । | १७ |
| | | देउसी भैलोको सामान्य परिचय बताउन तथा देउसी भैंलोमा भट्ट्याउन र आशीष दिन । | देउसी भैलो | प्रयोगात्मक रूपमा विद्यार्थीलाई देउसी भैलो खेल्न लगाउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |
| | | बाघचाल खेल र यो खेलका नियमहरू चरणबद्ध रूपमा अवलम्बन गर्न । | बाघचाल | प्रयोगात्मक रूपमा विद्यार्थीलाई बाघचाल खेल्न लगाउने र आफूले अवलोकन गर्ने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |
| | | चरणबद्ध रूपमा नियम अवलम्बन गर्दै छेलो खेलु खेल्न । | छेलो | प्रयोगात्मक रूपमा विद्यार्थीलाई खेलमा सहभागी गराउने । | अवलोकन र सहपाठी मूल्याङ्कन । | |

## ४. एकीकृत पाठ्यक्रमका मूलभूत मान्यता र कटारीको स्थानीय पाठ्यक्रम

एकिकृत पाठ्यक्रम एक नवीन अवधारणा हो । शिक्षालाई समयानुकुल बनाउने उद्देश्यले पाठ्यक्रममा वैकल्पिक ढाँचा खोजी गर्ने क्रममा एकीकृत पाठ्यक्रमको अवधारणा विकास भएको हो । विषयगत पाठ्यक्रम अलग-अलग विषयहरू आ-आफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको हुन्छ । यसले विषयहरूलाई अन्तरसम्वन्धित गराउँदैन । एकीकृत पाठ्यक्रम एक अन्तर्राष्ट्रिय अभ्यास हो । यसमा विभिन्न प्रकारका ढाँचाहरूको प्रयोग भएको पाइन्छ । मूल रूपमा एकीकृत पाठ्यक्रमले ज्ञानका विभिन्न शाखाहरूबिच संयोजन गर्ने प्रयास गर्दछ ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको छ । कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत तह हो । कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक तह हो । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षाको व्यवस्था छ । माध्यमिक शिक्षाका ३ धार रहेका छन् । तिनीहरू साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत धार हुन् ।

आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीहरूले हासिल गर्नुपर्ने तहगत सक्षमताहरू निम्न बमोजिम निर्धारण गरिएका छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यवहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्वन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्वर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

कटारीको प्रस्तुत स्थानीय विषयको पाठ्यक्रममा मूलतः **कटारी**को भौगोलिक अवस्थिति, प्राकृतिक वातावरण, जैविक विविधता, भाषा, संस्कृति, रहनसहन, स्थानीय प्रविधि तथा आधुनिक प्रविधिबिचको सम्वन्ध, वैज्ञानिक दृष्टिकोण, सामाजिक समस्या, आर्थिक त्रियाकलाप, स्वास्थ्य, नैतिकता, व्यक्तित्व विकास, नागरिक चेतना, स्थानीय खेलकुद तथा मनोरञ्जन, विकासका पूर्वाधार, पर्यटन, प्राकृतिक प्रकोपजस्ता विषयबस्तुलाई एकीकृत गर्न बहुबिधात्मक उपागम (Multi-Disciplinary Approach) प्रयोग गरिएको छ ।

यो स्थानीय पाठ्यक्रममा **राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** को मर्मअनुसार एकीकृत पाठ्यक्रममा उल्लेख गरिएका व्यवहारकुशल सिपहरू (Soft Skills) लाई मार्गदर्शक सिद्धान्तको रूपमा अवलम्बन गरिएको छ । ती सिपहरू र तिनीहरूको विस्तृतीकरण निम्नअनुसार रहेका छन् :

**क) सोचाइ सिपहरू**

- प्रयोग सिप (Application Skills)
- सिकाइ सिप (Learning Skills)
- रचनात्मक सोचाइ सिप (Creative Thinking Skills)
- समालोचनात्मक सोचाइ सिप (Critical Thinking Skills)
- निर्णय तथा समस्या समाधान सिप (Decision Making and Problem Solving Skills)

**ख) वैयक्तिक सिपहरू**

- स्व-व्यवस्थापन सिप (Self-Management Skills)
- स्वाभिमान सिप (Self-Esteem Skills)
- इमान्दारी/स्व-अनुशासन सिप (Integrity/Honesty/Self-Discipline Skills)
- समय व्यवस्थापन सिप (Time Management Skills)
- व्यक्तिगत लक्ष्य निर्धारण र अग्रसरता सिप (Personal Goal Setting and Initiative Skills)
- स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent Learning, Flexibility and Adaptability Skills)
- जिम्मेवारी एवम् प्रतिबद्धता सिप (Responsibility and Commitment Skills)

**ग) अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills)**

- सञ्चार सिप (Communication Skills)
- सहकार्य सिप (Collaboration Skills)
- सहयोग तथा सहानुभूति सिप (Cooperation and Empathy Skills)
- सक्रियतापूर्वक सुन्ने सिप (Active Listening Skills)
- सांस्कृतिक सिपहरू/नैतिकता (Cultural Skills/Ethics)

**घ) सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Multi-Literacy Skills)**

- आधारभूत साक्षरता (Basic Literacy)
- प्राविधिक साक्षरता (Technological Literacy)
- दृश्य साक्षरता (Visual Literacy)

- सूचना साक्षरता (Information Literacy)
- बहुसांस्कृतिक साक्षरता (Multi-Cultural Literacy)

**ङ) नागरिक सिप**

- सहनशीलता र खुलापन (Tolerance and Openness)
- विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for Diversity and Intercultural Understanding)
- लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, Participatory and Equitable Value)
- वातावरणप्रति सजगता र सम्मान (Awareness of and Respect for Environment)
- राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National Identity and Sense of Belonging)
- सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and Civic Responsibility)
- वैयक्तिक जिम्मेवारी (Personal Responsibility)

एकीकृत पाठ्यक्रमले सिकाइलाई दैनिक जीवन पद्दतिसँग आवद्ध गर्न चाहन्छ । व्यवहारकुशल सिप (Soft Skills) हासिल गर्न एकीकृत पाठ्यक्रमले सिकाइको संयोजन र एकीकरण गर्छ । सिकाइको खण्डीकरण हुन दिँदैन । एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्वन्धित गरेर एकीकृत सिकाइमा जोड दिन्छ । एकीकृत पाठ्यक्रमको मर्मअनुसार यो स्थानीय पाठ्यक्रमलाई बहुविषयात्मक/अन्तरविषयक बनाइएको छ । यसले **कटारी**भित्रका विविधता, बहुलता र भौगोलिक एवम् सांस्कृतिक पहिचानलाई समेट्ने लक्ष्य राखेको छ । यो पाठ्यक्रमलाई एकीकृत स्वरूपको बनाउने क्रममा भूगोल, पर्यावरण, जैविक विविधता, नागरिक चेतना, संस्कृति, कृषि, उद्योग, खाद्यपरम्परा, स्थानीय प्रविधि, आधुनिक प्रविधि, जनस्वास्थ्य, स्थानीय खेलकुद, नैतिकता, वैज्ञानिक चेतना, व्यक्तित्व विकासजस्ता बहुविधाहरू जोडेर अन्तर्विषयक बनाइएको छ । विद्यार्थीले जीवनोपयोगी सिप र व्यवहारकुशल सिप आर्जन गर्न सकुन् भन्ने दिशामा यो पाठ्यक्रम परिलक्षित रहेको छ ।

## ५. पाठ्यघण्टा वितरण तालिकाः

कक्षा १ पाठ्यघण्टा : ५

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा १ | |
|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) |
| १. | हाम्रो परिवेश | ७ | ३३ |
| २. | सामाजिक रितिथिति र परम्परा | ६ | २८ |
| ३. | रमाइला ठाउँ र घुमफिर | ४ | १९ |
| ४. | कृषि, उद्योग र आयआर्जन | ६ | २८ |
| ५. | स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | ७ | ३३ |
| ६. | सिप, स्थानीय खेलकुद र मनोरञ्जन | ४ | १९ |
| | जम्मा | ३४ | १६० |

कक्षा २ र ३ पाठ्यघण्टा : ५

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) |
| १. | हाम्रो परिवेश | ७ | ३० | ६ | २६ |
| २. | सामाजिक रितिथिति र परम्परा | ६ | २६ | ७ | ३० |
| ३. | रमाइला ठाउँ र घुमफिर | ५ | २२ | ५ | २२ |
| ४. | कृषि, उद्योग र आयआर्जन | ६ | २६ | ७ | ३० |
| ५. | स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | ९ | ३९ | ९ | ३९ |
| ६. | सिप, स्थानीय खेलकुद र मनोरञ्जन | ४ | १७ | ३ | १३ |
| | जम्मा | ३७ | १६० | ३७ | १६० |

**कक्षा ४ र ५** **पाठ्यघण्टा : ४**

| क्र.सं. | क्षेत्र/एकाइ | कक्षा ४ र ५ | | |
|---|---|---|---|---|
| | | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१२८) | अङ्कभार |
| १. | परिवेश, वातावरण र जैविक विविधता | ५ | १९ | ८ |
| २. | हाम्रा रीतिरिवाज र प्रथा परम्परा | ५ | १९ | ८ |
| ३. | पर्यटन तथा आर्थिक क्रियाकलाप | ५ | १९ | ८ |
| ४. | सामाजिक चेतना तथा सेवा प्रवाह | ७ | २७ | १० |
| ५. | स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | ७ | २७ | १० |
| ६. | सिप, खेलकुद तथा मनोरञ्जन | ४ | १७ | ६ |
| | **जम्मा** | **३३** | **१२८** | **५०** |

**पुनश्चः** यहाँ १ कार्यघण्टा बराबर १ घण्टा (६० मिनेट) बुझ्नुपर्ने हुन्छ । पाठ्यघण्टालाई अङ्ग्रेजीमा क्रेडिट आवर (Credit Hour) भनिन्छ । एक घण्टा अवधिको पिरियड बढी लामो र बोझिलो हुन सक्ने भएकाले ४५ मिनेटको पिरियड बढी मात्रामा प्रयोग हुने गरेको छ । आवश्यकता र परिस्थितिअनुसार पिरियडको अवधि निर्धारण गर्न सकिन्छ । कक्षा १-३ को पाठ्यक्रममा ५ (पाँच) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । कक्षा ४-५ को पाठ्यक्रममा ४ (चार) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । कक्षा ६-८ को पाठ्यक्रममा ४ (चार) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit Hour) मानिएको छ । स्थानीय पाठ्यक्रम पठनपाठनका लागि कक्षा १-३ को वार्षिक कार्यघण्टा १६० र कक्षा ४-८ को वार्षिक कार्यघण्टा १२८ रहने गरी **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६** अन्तर्गत **आधारभूत तहको पाठ्यक्रम**ले व्यवस्था गरेको छ ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कन

विद्यालय शिक्षामा आधारभूत तहको कक्षा १-३ को सिकाइ मूल्याङ्कनमा निर्णयात्मक पद्दतिले सिकाइमा योगदान गर्न नसक्ने मान्यता रहेको छ । त्यस कारण कक्षाकोठामा आधारित मूल्याङ्कनका तरिका र साधनहरू प्रयोग गर्ने गरिन्छ । यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरिन्छ । निरन्तर मूल्याङ्कन पद्दति (Continuous Assessment System) नामले समेत चिनिने यो पद्दतिको उद्देश्य निरन्तरको अभिलेखमार्फत् विद्यार्थीलाई पृष्ठपोषण दिएर समग्र सिकाइ स्तरमा सुधार ल्याउनु हो । यो निर्माणात्मक स्वरूपको हुन्छ । कक्षा १-३ मा गरिने निर्माणात्मक मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै एक अभिन्न अङ्गको रूपमा प्रयोग गर्नुपर्छ ।

निर्माणात्मक मूल्याङ्कनले सिकाइको लेखाजोखा गर्दछ । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फायल (Portfolio File) बनाएर व्यवस्थित गर्नुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमद्वारा अद्यावधिक गर्नुपर्छ । यो तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्छ । निरन्तर मूल्याङ्कनको क्रममा आवश्यक व्यवहारकुशल सिपमा विद्यार्थीले हासिल गरेको सक्षमताको पनि लेखाजोखा गर्नुपर्छ । आवश्यकताअनुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ । यसको उद्देश्य न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु हो । शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | अवलोकन | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन फाराम, मौखिक प्रश्न, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७. | स्व-मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९. | कुराकानी, छलफल | रुजू सूची, श्रेणी मापन, फाराम | |

माथि उल्लेखित मूल्याङ्कनका तरिका र साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ :

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको सिकाइ उपलब्धि हासिल गरेको |

विद्यार्थीको मुख्य सिकाइ उपलब्धिलाई उनीहरूको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्युनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

विषयक्षेत्र अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्रको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\textbf{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड}}{\textbf{४ × मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन (Letter Grading) सँग मिलान गरी विद्यालय शिक्षा (कक्षा १ - १२) मा निम्नानुसार ग्रेड निर्धारण गर्नुपर्ने छ :

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क (GPA) | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | $A^+$ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | $B^+$ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (न्ययम) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | $C^+$ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\textbf{विषय क्षेत्रगतसमग्र उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड}}{\textbf{४×मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको सङ्ख्या}} \times १००$$

निर्माणात्मक मूल्याङ्कन पद्दतिअनुसार विद्यार्थीहरूको व्यक्तिगत तथा स्वास्थ्यसम्वन्धी विवरणहरू तल दिइएअनुसार विकास गर्न सकिन्छ :

## विद्यार्थीको व्यक्तिगत विवरण

## विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

क) विद्यालयको नाम : ........................................

ख) ठेगाना : ......................................

ग) विद्यार्थीको नाम : ..............................

घ) जन्म मिति : .............................

ङ) विद्यार्थीको घरको ठेगाना : ...............................................

च) पारिवारिक विवरण :

अ) आमाको नाम : ................................पेसा : .............. सम्पर्क नं. : ...................

आ. बावुको नाम : ................................पेसा : .............. सम्पर्क नं. : ...................

छ) बावुआमाबाहेक कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

अ) नाम : ................................पेसा : .............. सम्पर्क नं. : ...................

आ) विद्यार्थीसँगको नाता : ................................

ज) विद्यालय भर्ना मिति र कक्षा : .............................

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ..............................

ञ) अघिल्लो अनुभव :

अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको

........................... ..................................... ...................................

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

## स्वास्थ्यसम्बन्धी विवरण

क) तौल र उचाइ

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट : ..............................................................

ग) कुनै अपाङ्गता भएमा सोको विवरण : ....................................................................

घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ...........................................................

**विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा**

**विद्यार्थीको प्रगति प्रतिवेदन**

**विद्यार्थीको नाम :** **कक्षा :** **रोल नं. :**

**विद्यालयको नाम :** **सङ्केत नं. :** **वर्ष :**

**उपस्थिति :** विद्यालय सञ्चालन भएको दिन : ............. उपस्थित भएको दिन र प्रतिशत : ........., .............

| क्र.सं. | विषयक्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | स्तरअनुसार उपलब्धि सङ्ख्या[क] | समग्र उपलब्धि स्तर[ख] |
|---|---|---|---|---|---|
| १. | नेपाली | ५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| २. | गणित | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ३. | अङ्ग्रेजी | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ४. | हाम्रो सेरोफेरो | ८ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ५. | कटारी ज्ञानमाला (स्थानीय विषय) | ५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |

............................ ............................ ............................

कक्षा शिक्षक प्रधानाध्यापक मिति

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, सामान्य : २ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, राम्रो : ३ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, उच्च : ४ अङ्क प्राप्त उपलब्धि सङ्ख्या

ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९०-१००%), लाई A+, उच्च (७५-९०%) लाई A, राम्रो उच्च (६०-७५%) लाई B, सामान्य (४०-६०%) लाई C, कमजोर (२०-४०%) लाई D र ज्यादै कमजोर (०-२०%) लाई E स्तर निर्धारण गर्नुपर्छ ।

## विद्यार्थी मूल्याङ्कन (कक्षा ४-५)

विद्यार्थीले व्यवहारकुशल सिप (Soft Skills) तथा जीवनोपयोगी सिपहरू सिक्ने अपेक्षा पाठ्यक्रमले गरेको छ । यसका निम्ति शिक्षकले सिकाइ क्रियाकलापलाई अन्तरविषयक (Interdisciplinary) बनाएर एकीकृत ढाँचा (Integrated Structure) अनुसार अघि बढाउनुपर्छ । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कन प्रणाली अवलम्बन गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार ल्याउनु रहेको छ । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै एक अभिन्न अङ्ग हो । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । यसका लागि कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व-मूल्याङ्कन, सहपाठी मूल्याङ्कनजस्ता माध्यम प्रयोग गर्न सकिन्छ ।

विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्न उनीहरूका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनजस्ता विधि प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापन, रुब्रिक्सलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग गर्न सकिने साधन हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गर्न नसकेमा सुधारात्मक सिकाइको अवसर दिनुपर्छ । त्यसलाई पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु आवश्यक हुन्छ । पटक पटकको सुधारात्मक सिकाइपश्चात पनि सिकाइको न्यूनतम स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी लागू गर्नुपर्छ ।

### निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्न रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्ने |
| २ | व्यवहार अवलोकन फारम | पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्ने |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरू आदिको स्तर निर्धारण गरी शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्ने |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | कक्षामा शिक्षण सिकाइका क्रममा सोधिने प्रश्नहरू |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेख गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| क्र.स. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर८ | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

८ **मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर** मापन गर्नका लागि कक्षाकार्य, गृहकार्य, मौखिक तथा लिखित कार्य, स्व मूल्याङ्कन, सहपाठी मूल्याङ्कन, व्यवहार अवलोकन, कक्षा क्रियाकलाप, मौखित तथा लिखित प्रश्नोत्तर, कक्षा परीक्षा (क्लास टेस्ट), एकाइ परीक्षा (युनिट टेस्ट), विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन जस्ता अवयवहरू प्रयोग गर्नुपर्छ ।

उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नुपर्दछ :

| क्र. स. | रेटिङ आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | **उत्कृष्ट (Advanced)** | **उच्च (Proficient)** | **राम्रो (Above Basic)** | **सामान्य (Basic)** | **कमजोर ९द्यभयिध Basic)** | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १ | सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकतम दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसतभन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | विषयवस्तु सम्बन्धी ज्ञान, सिपको विश्लेषण सहित दैनिक जीवनमा तिनको सिर्जनात्मक | विषयवस्तु सम्बन्धी ज्ञान, सिपमा पूर्णतासहित सामान्य विश्लेषण गर्ने र दैनिक जीवनमा | विषयवस्तु सम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनमा सामान्य रूपमा प्रयोग गर्न सकेमा | विषयवस्तु सम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तु सम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गरी व्यवहार आर्जन गर्न सकेमा | प्रयोग गर्न सकेमा | | | नभएमा | |
| ३ | प्रयोगात्मक/ परियोजना कार्य | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

**मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार:**

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्दा माथि उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइ स्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

| **विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य** | | | | |
|---|---|---|---|---|
| **उत्कृष्ट (Advanced)** | **उच्च (Proficient)** | **राम्रो (Above basic)** | **सामान्य (Basic)** | **कमजोर (Below basic)** |
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मद्दत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको सहभागिताको स्तर र मुख्य सिकाइ, विद्यार्थीको सिकाइ स्तरको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ :

| **क्र.स.** | **विषयवस्तुको क्षेत्र** | **कक्षा ४, ५** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | सहभागिताको स्तर | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | | |
| | | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर<br>प्राप्ताङ्क = $\frac{\text{मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क}}{\text{५×मुख्य सिकाइ उपलब्धि सङ्ख्या}}$ | |
| १ | परिवेश, वातावरण र जैविक विविधता | | | | |
| २ | हाम्रा रीतिरिवाज र प्रथा परम्परा | | | | |
| ३ | पर्यटन तथा आर्थिक क्रियाकलाप | | | | |
| ४ | सामाजिक चेतना तथा सेवा प्रवाह | | | | |
| ५ | स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | | | | |
| ६ | सिप, खेलकुद तथा मनोरञ्जन | | | | |
| औसत उपलब्धि स्तर | | | | | |

**प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन**

प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धि स्तरको अङ्क भर्नुपर्दछ :

| क्र.स. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>$\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५× परियोजना कार्य सङ्ख्या}} \times$ भार | कार्य | उपलब्धि स्तर<br>$\frac{\text{परियोजना कार्यमा प्राप्त जम्मा अङ्क}}{\text{५× परियोजना कार्य सङ्ख्या}} \times$ भार | |
| १ | परिवेश, वातावरण र जैविक विविधता | | | | | |
| २ | हाम्रा रीतिरिवाज र प्रथा परम्परा | | | | | |
| ३ | पर्यटन तथा आर्थिक क्रियाकलाप | | | | | |
| ४ | सामाजिक चेतना तथा सेवा प्रवाह | | | | | |
| ५ | स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | | | | | |
| ६ | सिप, खेलकुद तथा मनोरञ्जन | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

**त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क**

| क्र.स. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङ्क (प्राप्ताङ्क/पूर्णाङ्क × भार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | ५ | | |
| २ | | | ५ | | |
| | जम्मा | | १० | | |

**अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । स्थानीय विषयको परीक्षा ज्ञान र बोध, खोजमूलक सिप, विश्लेषणात्मक चिन्तन सिप र अभिवृत्तिमा आधारित हुने छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले यी उपलब्धिहरू प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रमले विकास गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**विद्यार्थीको समग्र सिकाइ स्तर (Overall Grading)**

| क्र.सं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा ५० | ५० | |
| | जम्मा | १०० | |

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन (Letter Grading) सँग मिलान गरी विद्यालय शिक्षा (कक्षा १ - १२) मा निम्नानुसार ग्रेड निर्धारण गर्नुपर्ने छ :

▪

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क (GPA) | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |

| | | | | |
|---|---|---|---|---|
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

| उपलब्धि प्रतिशत | उपलब्धि स्तरको अक्षराङ्कन | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर |
| २० देखि ४० भन्दा कम | D | कमजोर |
| ४० देखि ६० भन्दा कम | C | सामान्य |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो |
| ७५ देखि ९० भन्दा कम | A | उच्च |
| ९० देखि माथि | A+ | उत्कृष्ट |

**विद्यार्थी मूल्याङ्कन (कक्षा ६-८)**

प्रस्तुत स्थानीय पाठ्यक्रमले विद्यार्थीमा व्यवहारकुशल सिप (Soft Skill) तथा जीवनोपयोगी सिप विकास हुने अपेक्षा गरेको छ । यसका निम्ति पाठ्यक्रमलाई जतिसक्दो एकीकृत ढाँचाअनुसार निर्माण गरिएको छ । पाठ्यक्रमले तय गरेको उद्देश्य प्राप्तिका लागि शिक्षकले सिकाइ क्रियाकलापलाई अन्तरविषयक (Interdisciplinary) बनाउनु आवश्यक छ । एकीकृत पाठ्यक्रमको मर्म पनि यही हो ।

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कन पद्दति अपनाउनुपर्छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइ स्तरमा सुधार ल्याउनु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै एक अभिन्न अवयव हो । निर्माणात्मक मूल्याङ्कनमा विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । यसका लागि कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व-मूल्याङकन, सहपाठी मूल्याङ्कनजस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ ।

सिकाइ स्तरको मूल्याङ्कन गर्न विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा परीक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनजस्ता विधि प्रयोग गर्नुपर्ने हुन्छ । यसका निम्ति रुजूसूची, श्रेणी मापन, रुब्रिक्सलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकले अभिलेख राख्नुपर्छ । यस्तो अभिलेख सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग गर्न सकिने साधन हुन् । यो प्रकारको मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गर्न नसकेमा पटक पटक सुधारात्मक सिकाइको अवसर दिनुपर्छ । त्यसलाई पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु जरुरी हुन्छ । पटक पटकको सुधारात्मक सिकाइपश्चात पनि सिकाइको न्यूनतम स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी लागू गर्नुपर्छ ।

**निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग**

| क्र.स. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स | विद्यार्थीले गरेका प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्ने |
| २ | रुजुसूची तथा श्रेणी मापन | पाठगत रूपमा विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सिप, आलोचनात्मक चेत, अभिवृत्ति, अभिव्यक्ति एवम् व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्ने |
| ३ | सहभागिता र कार्य सम्पादन | कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, नियमितता आदिको नियमित रूपमा मूल्याङ्कन गर्ने र सही कार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिने तथा गृहकार्य दिने |
| ४ | विद्यार्थी कार्यको प्रदर्शन | विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गर्न लगाई मूल्याङ्कन गर्ने । प्रदर्शनको क्रममा कमीकमजोरी देखिए आवश्यक पृष्ठपोषण तथा सहयोग गरी सिकाइ उपलब्धि हासिल गराउने |
| ५ | स्व- मूल्याङ्कन तथा प्रतिविम्बन | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य/परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार प्रदर्शन, कार्य स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरूको स्तरलाई प्रतिविम्बन गर्न लगाएर स्व-मूल्याङ्कनका साधनहरू रुजु सूची, श्रेणी मापन, रुब्रिक्स प्रयोग गरी सिकाइको स्तर मूल्याङ्कन गर्ने |
| ६ | सहपाठी मूल्याङ्कन | कक्षाका विद्यार्थीहरूलाई एक अर्काको कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण प्राप्त गर्न अवसर प्रदान गर्ने |
| ७ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा विभिन्न विषयवस्तुमा स्पष्टता कायम गर्न, जानेका कुराको प्रतिविम्बन गर्न तथा सिकाइ उपलब्धि हासिल भए नभएको जानकारी प्राप्त गर्न यो विधिको प्रयोग गर्ने |
| ८ | अभिभावक प्रतिक्रिया | समग्र सिकाइमा अभिभावकको प्रतिक्रिया लिने । शिक्षक र अभिभावक तथा विद्यार्थी र अभिभावकबिच अन्तरक्रिया गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ । |
| ९ | लिखित कार्य तथा परीक्षा | सिकाइ सहजीकरणको क्रममा पाठ वा एकाइको अन्तमा, महिनाको अन्तमा, त्रैमासिक तथा अर्धवार्षिक रूपमा सबै तहमा प्रश्नहरू निर्माण गरी निर्धारित विषयवस्तुमा विद्यार्थीले हासिल गरेको ज्ञान, सिपहरूको लेखाजोखा गर्ने । |

कक्षा ६, ७ र ८ मा निर्माणात्मक मूल्याङ्कन (निरन्तर मूल्याङ्कन) का लागि देहाय बमोजिमका अवयवमार्फत ५० प्रतिशतको भार व्यवस्था गर्नुपर्नेछ ।

| क्र.स. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २. | प्रयोगात्मक/परियोजना | ३६ |
| ४. | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

कक्षा ६, ७ र ८ को हकमा ५० प्रतिशत भारको निर्णयात्मक मूल्याङ्कन (वार्षिक परीक्षा) र ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गरिनेछ ।

# विशिष्टीकरण तालिका

कक्षा ४ र ५

| एकाइ क्षेत्र | कार्यघण्टा | ज्ञान र बोध | | | खोजमूलक सिप | | | विश्लेषणात्मक चिन्तन सिप | | | अभिवृत्ति | | | प्रश्न सङ्ख्या | | | अङ्कभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | अति संक्षिप्त | संक्षिप्त | लामो | | |
| परिवेश, वातावरण र जैविक विविधता | १९ | - | - | १ | - | - | - | - | १ | - | - | - | - | - | १ | १ | ८ | |
| हाम्रा रितिरिवाज र प्रथा परम्परा | १९ | - | १ | - | - | - | १ | - | - | - | - | - | - | - | १ | १ | ८ | |
| पर्यटन तथा आर्थिक क्रियाकलाप | १९ | - | - | - | - | - | - | - | - | १ | - | १ | - | - | १ | १ | ८ | |
| सामाजिक चेतना तथा सेवा प्रवाह | २७ | १ | - | - | १ | - | - | - | - | १ | - | १ | - | २ | १ | १ | १० | |
| स्वास्थ्य, नैतिकता र व्यक्तित्व विकास | २७ | - | १ | - | १ | - | - | १ | - | - | - | - | १ | २ | १ | १ | १० | |
| सिप, खेलकुद तथा मनोरञ्जन | १७ | १ | - | - | - | १ | - | १ | - | - | १ | - | - | ३ | १ | - | ६ | |
| **जम्मा** | **१२८** | **२** | **२** | **१** | **२** | **१** | **१** | **२** | **१** | **२** | **१** | **२** | **१** | **७** | **६** | **५** | **५०** | |

| प्रश्नका प्रकार | प्रश्नको सङ्ख्या र अङ्क भार | समय |
|---|---|---|
| **अति सङ्क्षिप्त उत्तर** | ७ प्रश्न x १ अङ्क = ७ अङ्क | अति सङ्क्षिप्त उत्तर ७ x २ = १४ मिनेट |
| **सङ्क्षिप्त उत्तर** | ६ प्रश्न x ३ अङ्क = १८ अङ्क | सङ्क्षिप्त उत्तर ६ x ५ = ३० मिनेट |
| **लामो उत्तर** | ५ प्रश्न x ५ अङ्क = २५ अङ्क | लामो उत्तर ५ x ९ = ४५ मिनेट |
| | **१८ प्रश्न = ५० अङ्क** | **जम्मा ९० मिनेट (१.५ घण्टा)** |

स्था.२०७६
अनुसन्धान केन्द्र प्रा.लि.
काठमाडौं

## ७. कटारी पहिचान माला (स्थानीय पाठ्यक्रम) विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख (कक्षा १-३)

**मापन गर्ने तरिका :** प्रत्येक सिकाइ उपलब्धिका लागि उल्लिखित उपलब्धिसूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा (√) चिह्न र हासिल नभएमा सम्बन्धित कोठामा (×) चिह्न लगाउनुहोस् । प्रत्येक ४ सूचकमध्ये हासिल भएका **विषयवस्तु विस्तृतीकरण** सूचक (√ चिह्न) गन्नुहोस् र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस् । आफूले प्रयोग गरेको मूल्याङ्कनका सम्भाव्य साधनमा चिह्न लगाउनुहोस् अथवा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् :

विषयवस्तुको क्षेत्र/थिम : **हाम्रो परिवेश** कक्षा : १ विद्यार्थीको नाम :

| विषयवस्तुको क्षेत्र/थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति | अङ्कन | सकेको/नसकेको | मिति | अङ्कन | |
| **हाम्रो परिवेश** | १. फोटोका आधारमा कटारी बजारका प्रमुख चोक पहिचान गर्न तथा नगरपालिका र नगरपालिका केन्द्रको नाम शुद्धसँग भन्न तथा लेख्न । | १. नगरपालिकाको नाम शुद्धसँग भन्न र लेख्न । | | | | | | | लिखित प्रश्न |
| | | २. नगरपालिका केन्द्रको नाम शुद्धसँग भन्न र लेख्न । | | | | | | | लिखित प्रश्न |
| | | ३. कटारी बजारका प्रमुख चोकका फोटो पहिचान गर्न । | | | | | | | प्रश्नोत्तर |
| | | ४. आफ्नो स्थानीय ठाउँलाई माया गर्ने बानी विकास गर्न । | | | | | | | सहपाठी मूल्याङ्कन/अभिभावकको प्रतिक्रिया |
| | २. नगरपालिकाभित्रका मुख्य राजमार्गका नाम र तिनको महत्व बताउन । | १. मदन भण्डारी राजमार्गको नाम शुद्धसँग भन्न र लेख्न । | | | | | | | लिखित प्रश्न । |
| | | २. सगरमाथा सिद्धिचरण राजमार्गको नाम शुद्धसँग भन्न र लेख्न । | | | | | | | लिखित प्रश्न । |
| | | ३. सगरमाथा सिद्धिचरण राजमार्गको सुरुवाती विन्दु र अन्तिम विन्दु बताउन । | | | | | | | मौखिक प्रश्न । |
| | | ४. सडक तथा राजमार्गको महत्व बताउन । | | | | | | | प्रश्नोत्तर । |
| | | | | | | | | | |
| अभिभावकको दस्तखत : | शिक्षकको दस्तखत र मिति : | | उपलब्धि प्रतिशत | | | | | | |

पुनश्च : माथि दिइएको नमुनालाई उदाहरणका रूपमा लिएर पाठ्यपुस्तकमा भएका पाठका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख राख्नुहोला ।

सभ्यता अनुसन्धान ... काठमाडौं, नेपाल स्था.२०७६


स्था.२०७६
काठमाडौं

अनुसन्धान केन्द्र प्रा.लि.

स्था.२०७६













अनुसन्धान केन्द्र प्रा.लि.
स्था.२०७६
काठमाडौं,


















स्था.२०७६

अनुसन्धान केन्द्र प्रा. लि.

स्था.२०७६

काठमाडौं, नेपाल










स्था.२०७६

काठमाडौं



अनुसन्धान केन्द्र प्रा.लि. ★ काठमाडौं, नेपा

स्था.२०७६








स्था.२०७६

काठमाडौं